नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर



योग शिविर आयोजना
पृष्ठ २ मा

वर्ष १ | अंक ३० | २०७९ साल मंसिर २३ गते शुक्रवार | Friday 9, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

भित्र

पृष्ठ २ मा
पत्रकारमाथि अभद्र व्यहार गरेको भन्दै धर्ना

पृष्ठ ३ मा
न्यायिक समितिकी संयोजक नै न्यायको खोजीमा

पृष्ठ ४ मा
विश्वव्यापी प्रवृत्तिको अवलम्बन र बदल्नुपर्ने व्यापार रणनीति

पृष्ठ ५ मा
जडीबुटीको व्यापार बाट चलेको जीविका

पृष्ठ ६ मा
महिनाबारीमा सिनेटरी प्याड प्रयोग गर्नुपर्नेमा जोड

पृष्ठ ७ मा
गुजरातमा भाजपाको १५२ स्थानमा अग्रता

### मधेशमा सरकार निर्माण

## गठबन्धन प्याकेज बनाउँदै, साना दल बार्गेनिङ्गमा

एस.के. कर्ण
जनकपुरधाम, मंसिर २२ ।

मंसिर ४ गते सम्पन्न निर्वाचनको प्रत्यक्ष र समानुपातिकतर्फको नतिजा आइसके पनि गठबन्धनका कारणले मधेश प्रदेशमा सरकार बन्ने कुरा अन्यौलमा छ । गठबन्धन आबद्ध दलहरु प्रदेशमा सरकार निर्माणका लागि केन्द्रको मुख ताकिरहेका छन भने सरकार निर्माण कार्य अन्यौलग्रस्त बनेपछि मुख्यमन्त्रीका दाबेदारहरु पनि आ आफ्ना दलमा चाँजोपाँजो मिलाउनेमा जुटेका छन् ।

कांग्रेस नेतृत्वको सत्तारुढ गठबन्धन र एमाले नेतृत्वको प्रतिपक्षी गठबन्धनका नेताहरु केन्द्रीय निर्देशनको पर्खाईमा छन् भने गठबन्धन आबद्ध साना दलहरु गठबन्धनसँगै जाने भनेपनि आन्तरिक रुपमा आफू आबद्ध बाहेक अको गठबन्धनमा समेत आन्तरिक छलफल बढाएका छन् ।

सत्तारुढ गठबन्धनका नेतृत्वकर्ता कांग्रेसका मधेश प्रदेश अध्यक्ष कृष्णप्रसाद यादवले भने 'सबै कुरा गठबन्धनको केन्द्रीय तहको सहमति अनुसार नै हुने भएकाले हामी केन्द्रीय समितिको निर्देशनको पखाईमा छौं । केन्द्रदेखि प्रदेशसम्म सहमति अनुसार प्याकेजमै हुने भएकाले हामीले यताबाट केही गरेपनि खेर जानेछ ।'

कहिलेसम्म केन्द्रीय निर्देशन आउँने हो भन्ने जिज्ञासामा यादव भन्छन् '२४ गतेसम्म समानुपातिकतर्फको प्रतिनिधि छनौटको झमेलामा समय लाग्नेछ । त्यसपछि केन्द्रीय समितिको बैठक बसेर आफ्नो धारणा स्पष्ट पारिनेछ ।' यादवका अनुसार मंसिर २८ गतेपछिमात्र गठबन्धनको बस्ने र केन्द्रदेखि प्रदेशसम्मको सरकार निर्माणको बाँडफाँडको टुंगो लाग्ने छ ।

तपाई पनि मुख्यमन्त्रीको दावेदार हो तयारी कस्तो छ भन्ने प्रश्नमा ?'दाबेदार त अहिले पनि छु तर केन्द्रीय सहमतिमा मधेश प्रदेश कुन दल पाउँने हो, त्यसको पखाईमा छु' यादव भन्छन् ' कांग्रेसले नै नेतृत्वको जिम्मा पायो भने पार्टी भित्र आफ्नो मुख्मन्त्रीको दाबेदारी जोडदार रुपमा प्रस्तुत गर्नेछु ।'

यस्तै प्रतिपक्षी गठबन्धनका नेतृत्वकर्ता एमालेका नवनिर्वाचित प्रदेश सभा सदस्य रामचन्द्र मण्डल पनि सबै कुरा केन्द्रीय तहबाटै हुने भएकाले केन्द्रीय निर्देशनको पर्खिरहेको बताउँछन् । यहाँबाट हामीले जोडबल लगाए पनि केही पनि नहुने बताउँदै मण्डल भन्छन् 'सरकार निर्माणका लागि दलहरुसँग केन्द्रीय तहमा कुराकानी भैरहेको छ । आन्तरिक रुपमा गठबन्धन आबद्ध दल जसपा, राप्रपासँग निरन्तर छलफल चलिनै रहेको छ ।'

मण्डलले भने 'हाम्रो गठबन्धनको प्रत्यक्ष र समानुपातिक गरी ४० सिट आइरहेको छ । सरकार बनाउन ५४ सिट चाहिएको मा जनमत पार्टीसँग १४ र लोसपासँग ९ सिट रहेकाले दुवै दललाई पनि सरकारमा ल्याउँने गरी ती पार्टीसँग आन्तरिक रुपमा छलफल जारी रहेको छ ।' मण्डलका अनुसार यदि जनमत आए एउटा स्वतन्त्रलाई मिलाउनुपर्छ, लोसपा आए भने ५ वटा स्वतन्त्रलाई समेटनुपर्छ । सोही अनुसार दुवै दलसंग आन्तरिक छलफल भइरहेको छ ।

मुख्यमन्त्रीमा तपाईको दाबेदारी कहाँसम्म पुग्यो भन्ने प्रश्नमा मण्डल भन्छन् ' एमाले नेतृत्वको सरकार बन्नै भयो भने आफ्नो दाबेदारी कायमै छ । तर त्यसका लागि त पहिला समानुपातिक प्रतिनिधिको छनौट त सम्पन्न हुनु पयो ।' समानुपातिकको टुंगो लागे लगतै सरकार निर्माणबारे दलहरुसँग छलफल अघि बढ्ने जानकारी दिदैं मण्डल भन्छन् 'सरकारमा अन्य दलको सहभागिता भएपनि बढी सिट भएका कारण एमालेले नै मुख्यमन्त्री पद राख्नेछ । त्यसै अनुरुप आन्तरिक तयारी थालिसकेको छु ।'

गठबन्धन आबद्ध लोसपाका प्रदेश अध्यक्ष जितेन्द्र सोनलले प्रदेश सरकार निर्माणबारे अहिलेसम्म कुनै तयारी अघि नबढेको बताए । 'सबै कुरा गठबन्धनको केन्द्रीय तहबाटै हुने भएकाले समानुपातिक प्रतिनिधि छनौट प्रक्रिया सम्पन्नपछि गठबन्धनको बैठक बस्नेछ ' सोनल भन्छन् 'त्यसैबेला केन्द्रदेखि प्रदेशसम्मको सरकार भागबण्डाको सैद्धान्तिक सहमति हुनेछ , सरकार निर्माण प्रक्रिया अघि बढाइनेछ ।'

मुख्यमन्त्री पदको दाबेदारी बारे उनले भने निर्वाचन अघि नै चुनावी गठबन्धनमा लोसपाले मुख्यमन्त्री पद लिने भन्ने कुरा राखि सकेको छ। सोनल भन्छन् 'सरकार निर्माणबारे गठबन्धनको बस्ने बैठकमा पार्टीले सो पदका लागि आफ्नो धारणा राख्नेछ ।'

यस्तै प्रतिपक्षी गठबन्धनका जसपा प्रवक्ता मनिष समुनले भने सरकार निर्माण बारे अहिले कुनै औपचारिक कुरा नभएपनि दोश्रो र तेश्रो तहका नेताहरुसँग अनौपचारिक कुराकानी भइरहेको बताउँछन् । जसपा एमालेसँगै सरकारमा जाने कि भन्ने प्रसंगमा सुमन भन्छन् 'जसपा अहिले खुल्ला छ। एमालेसँग हाम्रो चुनावी तालमेल थियो । चुनाव सकेपछि अब हामी कुनै गठबन्धनमा छैनौं ।' सुमनका अनसार आफूहरुको माग र मुद्दा जुन गठबन्धनले सम्बोधन गर्छ त्ससैसँग जाने हो ।

'हाम्रो पार्टी किसानलाई तत्काल मलखाद उपलब्ध गराउने, निर्वाचन प्रणाली सच्याउने र शासकीय स्वरुप तथा संविधान संशोधन सहितका हाम्रो पार्टीका मांग हुन' सुमन भन्छन् ' जुन गठबन्धनले हाम्रा माग सम्बोधन गर्न तयार हुन्छ, हामी त्यसँगै सरकारमा जाने हो ।'

सत्तारुढ गठबन्धनमा आबद्ध माओवादी केन्द्रका मधेश प्रदेश इन्चार्ज गणेश साह सरकार निर्माणबारे जनमतलाई पनि सरकारमा सहभागी गराउने सहित प्रधानमन्त्री कसले पाउने बाहेक संघीय सरकारमा मोटामोटी सहमति सहमति बताउँछन् ।

साह अहिले समानुपातिक प्रतिनिधि छनौटको झमेलामै सबै दल व्यस्त रहेकाले यो सकिएपछि २७/२८ गते बस्ने गठबन्धनको बैठकबाट संघीय सरकारमा नीतिगत सहमति सहित प्रदेश सरकारको नेतृत्व बारे निर्णय हुने बताउँछन् । 'निर्णय बमोजिम नै सातै प्रदेशमा गठबन्धनले सरकार निर्माण गर्नेछ' साह भन्छन '

- बाँकी पृष्ठ ६ मा

## सरकारीमा नाम, बोर्डिङ्गमा पढाई



मुकेश कुमार यादव
सिरहा, मंसिर २२ ।

सिरहाका अधिकांस सामुदायिक आधारभुत विद्यालयको विद्यार्थी रजिष्टर र उपस्थितिमा आकाश जमिनको फरक पाइएको छ । सामुदायिक आधारभुत विद्यालयमा नाम लेखाउँने तर निजी विद्यालयमा पढ्ने भएकाले रजिष्टर र उपस्थितिमा यस्तो अन्तर पाइएको हो। जिल्लाको सुखिपुर नगरपालिका ७ बलही स्थित ३ कक्षा सम्म पढाईहुने आधारभुत विद्यालको रजिष्टरमा १सय २६ जना विद्यार्थीको नाम छ। तर, विद्यालयको समयमा त्यहाँ मुस्किलले १० जना उपस्थिति देखिन्छन् । यस विद्यालयमा बालविकासमा २६, कक्षा १ मा ३०, कक्षा २ मा ३५ र कक्षा ३ मा ३५ जना विद्यार्थीको देखावटी रुपमा रजिष्टरमा नाम छ।

विद्यालयमा हत्तपत्त भेट नहुने प्रधानाध्यापक आनन्द सिंहले जम्मा ५०/६० जनामात्र विद्यार्थी भर्ना रहेको जिकिर गरे। तर, उनकै रजिष्टरले धेरै फरक तथ्य देखाउँछ । विद्यालयकी निजी स्रोतका शिक्षिका रेनु सिंहले विद्यालयमा संचारकर्मी आएको खवरपछि प्रधानाध्यापक सिंह हस्याङ फस्याङ गर्दै आई पुगेका थिए। प्र.अ.सिंहले गाउँमा भोज रहेको वहाना बनाउँदै विद्यार्थीहरुको उपस्थिति कम रहेको सुनाए ।

सोही वडाको शिवचोकमा रहेको बाल कल्याण आधार भुत विद्यालयमा २ सय २५ भन्दा बढी विद्यार्थीको नाम रहेको विद्यालयका प्रधानाध्यापक घुरन सिंहले बताए । तर, यहाँपनि मुस्किलले ३० जना विद्यार्थी उपस्थित रहेको पाइयो ।

रजिस्टरको भन्दा विद्यार्थी संख्या कम रहेको प्रश्नमा प्र.अ.सिंहले घरमा विशेष काम भएकाले विदामा रहेको जानकारी दिदैं पन्छिन खोजे । विद्यार्थी हाजिरी रजिष्टर देखाउँन चाहेनन्। सामुदायिक विद्यालयको रहेको

- बाँकी पृष्ठ ६ मा

### गौर आगलागीमा थप एक बालकको मृत्यु

## अस्पताललाई एक महिना भित्र पैसा पठाउने शर्तमा शव ल्याईयो

मधेशदृष्टि
रौतहट, मंसिर २२ ।

दुई साता अघि गौरमाभएको भीषण आगलागीका घटनामा घाईते भएकाथप एक बालकको मृत्यु भएको छ ।

घटनामा परी यसअघि तीन बालबालिकाको मृत्यु भईसकेको थियो । उपचाररत गौर नगरपालिका १ स्थित इसलाम मियाका ८ वर्षिय छोरा अरमान मंसुरीको बिहीवार काठमाडौ स्थित मोडल अस्पतालमा मृत्यु भएको हो ।

बालक मंसुरीको मंगलवार राती नै मृत्यु भएपनि अस्पतालले शव दिन मानेको थिएन् ।उपचारको क्रममा लागेको रकम तिर्न अस्पतालले दवाव दिएर मात्रशव लैजान भनेपछि पीडित परिवार झन् पीडामा पुगेको मृतक मंसुरीका बुबा इसलाम मंसुरीले बताए ।

घाईते छोराको उपचारका लागि विभिन्न दातृ निकायबाट संकलन गरिएको करिब डेढ लाख रुपैया खर्च भईसक्यो पीडित इसलामले भने अस्तालले अझ एक लाख ५ हजार रुपैया तिरेर मात्र शव जिम्मा लगाउने बताएपछि आफु माथि ब्रजपात खसेको झै अनुभव भयो ।

आगलागीबाट घरको सम्पूर्ण समानहरु जलेर नष्ट भएको भन्दै पीडित परिवारका सदस्यहरुले चिकित्सकहरुसँग अस्पताल परिसरमा आग्रह गर्दा एक महिना भित्र बाँकी रकम पठाउने भनेर कागज गराएपछि मात्र शव जिम्मा लिएर बिहिवार अबेर राती घर आएको इसलामले जानकारी दिए ।

आगलागीको घटना बारे जानकारी पाएर विभिन्न दातृ निकायले एक लाख ५० हजार नगदै सहयोग गरे पनि त्यँहाबाट निर्वाचित कुनै पनि नेताहरुले सहयोग नगरेको गुनासो समेत इसलाम गरे । गतमंसिर ८ गते भएको सो आगलागीमा परी उनका ७ वर्षिय छोरी सबाना खातुन, ६ वर्षिय छोरा इमरान मंसुरी र ५ वर्षिय छोरी रोकसाना खातुनको मृत्यु भएको थियो ।

## शुल्क निर्धारणको विरोधमा निजी विद्यालय



मधेशदृष्टि
वीरगञ्ज, मंसिर २२ ।

वीरगञ्ज महानगरपालिकाको शैक्षिक महाशाखाले गरेको निजी बिद्यालयको वर्गीकरण तथा शुल्क निर्धारणको बिषयको चको बिरोध हुन थालेको छ ।

अभिभावकहरुले बढी शुल्क भयो भनी विरोध गर्न थालेपछि महानगरले समस्या समाधानको लागी विद्यालयहरुलाई बर्गीकरण गरि शुल्क निर्धारण गरेपछि शैक्षिक महाशाखा बिवादमा तानिएको छ ।

अभिभावक संघष समिती वीरगजले एक बिज्ञपति जारी गरी महानगरले गरेको निर्णय नमाने समितीका संयोजक संदिप साहले बताएका छन । कुन अधारमा कसरी निजी बिद्यालयहरुको बर्गीकरण गरिएको भन्दै अहिले टिकाटिप्णी हुनथालेको छ । बर्गीकरणको कारण अभिभावकहरु थप समस्यामा परेको साहको भनाई छ । वीरगजमा रहेका गौतम स्कुलको फिस मात्र घटाएको

बाँकी पृष्ठ ६ मा

२० औ बार्षिकोत्सवको उपलक्ष्मा

हाम्रा समस्त दर्शक, श्रोतावर्ग, विज्ञापनदाता एवं शुभेच्छुक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना

उक्त अवसरमा आयोजित रक्तदान कार्यक्रममा

यहाँ, यहाँको परिवार तथा आफन्तहरुलाई जीवनको यस महत्वपूर्ण कार्यमा अमुल्य योगदानको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

मितिः २०७९।८।२४ गते शनिवार, विहान ७ बजेदेखि
रेडियो वीरगंजको परिषर मुर्लि बगैचा, वीरगंज

RADIO Birgunj 99 fm.

रेडियो वीरगंज ९९ एफ. एम.
फोन नं. ०५१-५२८२९९, ९८५५०२१२८१

20Th ANNIVERSARY

# गैसस पर्साको अधिवेशन

मधेशदृष्टि
वीरगंज मंसिर २२।
गैरसरकारी संस्था महासंघ नेपाल पर्साको आज सम्पन बैठकले यहि पुष दुई गते शनिबार बिरगंजमा अधिवेशन गर्ने निर्णय गरेको छ।
गैरसरकारी संस्था महासंघ नेपाल पर्साका अध्यक्ष छठु साहको अध्यक्षतामा बसे को बैठकले समाजिक यो ग्यदान गरेको र समाजिक सेवाबाट जनपरतिनिधीको रुपमा नवनिर्वाचित भएका ७ जनालाई सम्मान गर्ने निर्णय गरेको छ। साथै बैठकले मंसिर १५ गते अल्प आयुमा नै अचानक बेहोस भई मृत्यु भएका होनहार, ईमान्दार तथा किरियाशिल पत्रकार नरेश सर ार्फ परती हार्दिक श्रद्धान्जली अपर्ण गरेको छ।
बैठकले एउटा सच्चा पत्रकार र समाजसेवी बिरगंज र पर्सा जिल्लाले गुमाएको पर ती चिन्ता ब्यक्त गर्दै परिवार लाई धैर्यधारण गर्न निर्णय समे त गरेको छ। बैठकमा बिरगंज महानगरपालिका वडानम्बर तीसका वडाअध्यक्ष मनोज यादव, बिबिसीकी सम्बाददाता माधुरी महतो, जिराभवानी गाउपालिकाबाट नेकपा माओवादीबाट गाउपालिका अध्यक्षका उम्मेदवार बन्ने का जयनारायण चौधरी, शिक्षक सुरज पंडित लगायत कार्यसमितीका पदाधिकार िहरुको सहभागीता रहेको थियो।

# नि:शुल्क स्वास्थ्य शिविर

मधेशदृष्टि
बीरगंज २२ मंसिर।
ग्रिनसिटी सामुदायिक सेवा केन्द्रको पहलमा आज बीरगंज महानगरपालिका वडा नम्बर १३ मस्जिद अगाडी नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ।
बिरगंज सामुदायिक आँखा र प्रभु हस्पिटल बिरगंजको सयुक्त आयोजनामा तथा रुँगटा वेल फेयर सोसाइटी बिरगंज पर्साको सहयोगमा आयोजित नि:शुल्क स्वास्थ्य शिविरमा बिपन्न वर्गका अस्पताल पुग्न नसक्ने समुदायका व्यक्तिहरुलाई छनौट गरी स्वास्थ्य परिक्षण गर्नुका साथै नि:शुल्क औषधी समेत प्रदान गरिएको ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताउनुभयो। स्वास्थ्य शिविरको उद्‌घाटन जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरिक्षक निर्मल बुढाथोकीले गर्नु भएको थियो। नि:शुल्क स्वास्थ्य शिविरमा १ सय ८१ जना महिला र १ सय २९ जना पुरुष गरी ३ सय जनाको स्वास्थ्य परिक्षण गरिएको खेतानले बताउनु भयो। शिविरमा वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरिक्षक डील्लीराज सापकोटा वीरगंज सामुदायिक आँखा अस्पतालका संयोजक महेश धामी प्रभु अस्पतालका दिलिप राज कार्की, डा. अस्लम अन्सारी, संजिव कुमार साह लगायतको सहभागिता रहेको थियो।

# गहुँ र सख्खर बरामद

बीरगंज २२ मंसिर।
जिल्ला प्रहरी कार्यालय पर्साले १५ लाख मूल्य बराबरको भन्सार छलीका गहुँ र सखर सहित ट्याक्टर नियन्त्रणमा लिएको छ। पर्साको छिपहरमाई गाउँपालिका वडा नम्बर २ टिउकीस्थित सडकखण्डबाट मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर र जिल्ला प्रहरी कार्यालय पर्साको सयुँक्त टोलीले २ सय ३० क्वीन्टल गहुँ र ८० क्वीन्टल सखर बरामद गरेको हो।
भन्सार छलेर अवैध रुपमा भारतबाट नेपाल भित्रिदै गरेको अवस्थामा ना. २ त ४०३६ नम्बरको ट्याक्टर सहित गहुँ र सखर नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले जानकारी दिनुभयो।
उहाँका अनुसार नियन्त्रीत ट्याक्टरलाई आवश्यक अनुसन्धानका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ।

# आगलागीमा ३० लाखको क्षति

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २२।
धनुषाको क्षिरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगरस्थित एक इलेक्ट्रोनिक पसलमा भएको आगलागीमा ३० लाख रुपैया बराबरको क्षति भएको छ।
महेन्द्रनगरको अमरचोकस्थित हिरा इलेक्ट्रोनिक पसलमा भएको आगलागीबाट सो पसलमा रहेका फ्रिज, र ाइसकुकर, पंखा, ग्यास चुल्हो लगायत सामान जलेर करिब ३० लाख मूल्य बराबरको मालसमान जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरीक्षक बेचन यादवले जानकारी दिएका छन्।
मिथिला नगरपालिका २ निवासी हिरा महताको सो पसलमा बिहीवार मध्यराति आगलागी भएकोमा नगरपालिका कार्यालय ढल्केबरबाट गएको बारुणयन्त्र, प्रहरी र स्थानीयको सहयोगमा बिहीबार बिहान ३ बजे तिर मात्र नियन्त्रणमा लिइएको उनले बताए।
विद्युत सर्ट भएर आगलागी भएको हुन सक्ने अनुमान गरिएको छ। घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले बताएका छन्।

# पाठेघर र हाइड्रोशिलका विरामीको नि:शुल्क उपचार

मधेशदृष्टि
सिरहा, २२ मंसिर।
कर्जन्हा नगरपालिका र फुलकुमारी महतो मेमोरियल अस्पतालले पालिकाका सम्पूर्ण पाठेघर र हाईड्रोशिलका विरामीको नि:शुल्क उपचार गने भएको छ।
पालिका र अस्पतालको साझेदारीमा पालिकाका सम्पूर्ण पाठेघर खसेका महिला र हाइड्रोशिल भएका पुरुषहरूको नि:सुल्क शल्यक्रिया सतिहतको उपचार उपलब्ध गराउने भएको हो।
कर्जन्हा नगरपालिका अस्पतालबिच पाठेघर खसेका महिला र हाइड्रोशिल भएका पुरुषहरूको शल्यक्रियाको लागि क्रमश: अधिकतम २६ र ७ हजार दिने सहमति भएको पालिकाका प्रमुख प्रशासकिय



अधिकृत बुद्धिमान दनुवारले जानकारी दिए।
विरामीहरुले निशुल्क शल्यक्रिया सेवा, बेड चार्ज, बेहोसी चार्ज, पाठेघरको मुखको क्यान्सरको जांच, औषधी, बिरामीलाई खानाको सुविधा, लगायत शल्यक्रिया पश्चात् बिरामीको घरसम्म ऐम्बुलेन्स सेवा समेत नि:शुल्क प्रदान गने सम्झौतापत्रमा उल्लेख गरिएको छ।
सम्झौता पत्रमा फूलकुमारी महतो मेमोरियल अस्पतालको तर्फबाट अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा. श्याम कुमार शाह र नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकिय अधिकृत दनुवारले हस्ताक्षर गरेका छन्।
पालिकाले आफ्नो सामाजिक सेवाअन्तर्गत यो कार्य गरेको प्रसाशकिय अधिकृत दनुवारले जनाए।

# पत्रकारमाथि अभद्र व्यहार गरेको भन्दै धर्ना

मधेशदृष्टि
सिरहा, २२ मंसिर।
पत्रकारमाथि अभद्र व्यहार गरेको भन्दै सिराहाको लहानस्थित इलाका प्रहरी कार्यालयको मुल गेटमा पत्रकारहरू धर्नामा बसेका छन्।
पत्रकारलाई कुटपीट गने नवराजपुर गाउँपालिका अध्यक्षका छोरासहित तीनजनाविरुद्ध कारबाहीको माँगसहित प्रहरी कार्यालय पुगेका पत्रकारहरूलाई प्रहरीले पनि अभद्र व्यवहार गरेको भन्दै धर्नामा बसेका हुन्।
महासंघका जिल्ला शाखा अध्यक्ष मनोज बनैताले सार्वजनिक बिदाको दिन सरकारी मोटरसाइकल चढेको विषयमा सोधखोज गर्ने पत्रकारलाई कुट्ने गाउँपालिका अध्यक्षका छोरासहित तीनजनामाथि कारबाही र पत्रकारमाथि अभद्र व्यवहार गर्ने प्रहरी निरीक्षक कृष्ण खत्रीउपर कारबाही नभएसम्म धर्ना जारी रहने बताएका छन्।
गाउँपालिका अध्यक्ष शिवउदगार यादवको दबाब र प्रभावमा परेर कुटिएका पत्रकारले दिएको जाहेरीसमेत दर्ता नगरी प्रहरी निरीक्षकले उल्टै पत्रकारहरूलाई अभद्र व्यवहार गरेकाले बाध्य भएर प्रहरीकै गेटमा धर्ना बस्नुपरेको अध्यक्ष बनैताले बताए।
मंसिर १२ गतेको अपराह्न सखुवानन्कारकट्टी गाउँपालिका ५ इटहर्वामा लागेको विवाहपञ्चमी मेलामा नवराजपुर गाउँपालिका अध्यक्षका छोरा नवराजपुर २ मझौरका २० वर्षीय चन्दन यादव र १९ वर्षीय अमित यादव तथा २ नम्बर वडा बस्ने १८ वर्षीय पप्पु यादवको समूहले पत्रकार प्रदीप कुमार महतोलाई कुटपिट गरेका थिए।
पत्रकार महतोले आरोपी तीनजना प्र. २-००१ ब ०३२३ नम्बरका सरकारी मोटरसाइकल चढेको देखेपछि फोटो खिच्न खोज्दा गाउँपालिका अध्यक्षको छोरा हुँ भन्दै कुटपिट गरेको बताए।
कुटपीटपछि कारबाहीको मागसहित जाहेरी दिएको भएपनि प्रहरीले दर्तासमेत गर्न नमानेको महतोको गुनासो रहेको छ।

# मधेश प्रदेश सभामा अब १० दल

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २२।
गएको मंसिर ४ गते सम्पन्न निर्वाचनपछि गठन हुने मधेस प्रदेशसभामा १० दलको प्रतिनिधित्व हुने भएको छ।
निर्वाचनको सम्पन्न मतपरिणामपछि प्रत्यक्ष तथा समानुपातिक तर्फ हेर्दा १० दलले प्रदेशसभामा उपस्थिति जनाउने देखिन्छ। निर्माण हुने अबको प्रदेश सभामा नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनमत पार्टी थपिएको हो।
मधेश प्रदेश सभामा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत (समाजवादी), जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, र ाष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टी प्रतिनिधित्व गर्ने भएको छ।
प्रदेश सभाको १ सय ७ सिट रहेको मधेश प्रदेश सभामा प्रत्यक्षमा सबभन्दा बढी नेकपा एमालेले १५ र समानुपातिकतर्फ ८ गरी २३ सिट प्राप्त गर्दै पहिलो दल बन्न सफल भएको छ भने नेपाली कांग्रेस प्रत्यक्षमा १३ र समानुपातिकमा ९ सहित २२ सिट जितेर दोस्रो दल बनेको छ।
२०७४ को निर्वाचनमा मधेशमा पहिलो दल बनेको जसपा तेश्रो र दोश्रो दल रहेका लोसपा पांचौ दल बन्न पुगेका छन।
जसपाले यसपटक प्रत्यक्षमा ९ र समानुपातिकमा ७ गरी१६ सिट र लोसपाले प्रत्यक्षमा ७ र समानुपातिकमा दुई सहित ९ सिट जितेको छ।
पहिलो पटक निर्वाचनमा भाग लिएका जनमत पार्टीले प्रत्यक्षमा ६ र समानुपातिकमा ७ गरी १३ सिट जितेर चौथो दल बनेका छन। माओवादीले प्रत्यक्ष र समानुपातिकमा चार/चार गरी ८ सिट जितेको छ भने नेकपा एकीकृत समाजवादीले प्रत्यक्षमा ४ र समानुपातिकमा ३ गरी७ सिट मात्र पाएको छ।
त्यसैगरी राप्रपा, नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले प्रत्यक्ष तर्फ नजितेपनि समानुपातिकतर्फ एक/एक सिट जितेर प्रदेश सभामा यस पटक प्रतिनिधित्व जनाउनेछन। यस पटक प्रत्यक्षमा ६ सांसद भएका छन भने गत प्रदेश सभामा एउटा मात्र स्वतन्त्र थिए।

# योग शिविर आयोजना

मधेशदृष्टि
वीरगंज, मंसिर २२।
वीरगञ्ज महानगरपालिकाले बुधबार देखि एक हप्ते योग शिविरको आयोजना गरेको छ। वीरगञ्ज महानगरपालिका वडा नम्बर ११ स्थित श्रीपुर स्कुलमा आयोजित शिविरको बीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले उदघाटन गरेका छन्। कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख सिंहले योग मार्फत नागरिकको स्वास्थ्य चुस्त राख्न नगरका विभिन्न स्थानमा महानगरले योग शिविर आयोजना गर्न लागेको जानकारी दिए। अहिले विश्वभर नै योगको महत्व बढेको भन्दै सिंहले हरकोहीले योग साधनाबाट आफूलाई स्वस्थ्य र ाख्न सक्ने बताए। आम नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउँने गरि आफूले काम गरिरहेको भन्दै उनले आगामी दिनमा पनि यस्ता रचनात्मक कार्य जारी राख्ने




बताए।
कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुबोध गुप्ताले शरीर स्वस्थ बनाउन योगको महत्वपूर्ण योगदान रहेको कुरा उल्लेख गर्नुभयो। 'गरौं योग, रहौं निरोग' भन्ने नारासहित शुरु भएको शिविरमा ५० जनाभन्दा बढी महिला पुरुषको सहभागिता रहेको छ। कार्यक्रमको उद्‌घाटन सत्रमा महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, उद्योगि अशोक टेमानी, प्रदिप केडिया, संजय खेतान, हरि गौतम लगायतको सहभागिता रहेको थियो। वडा नम्बर ११ का वडाध्यक्ष अजय चौरसियाको सभापतित्वमा सम्पन्न उद्घाटन सत्रको उमेशलाल सहनीले सञ्चालन गरेका थिए। २८ गतेसम्मा हरेक दिन विहान साढे ६ बजेदेखि संचालन हुने शिविरमा सहभागिहरुलाई प्रतिमा सिंहले योग प्रशिक्षण दिएको स्वास्थ्य शाखा प्रमुख रितेश जयसवालले जानकारी दिए।

# नि:शूल्क कृतिम हात प्रदान गर्ने केन्द्रको स्थापना

मधेशदृष्टि
बीरगंज २२ मंसिर।
रोटरी क्लब अफ वीरगंजले नि:शूल्क कृतिम हात प्रदान गर्ने केन्द्रको स्थापना गरेको छ। आज वीरगंजस्थित आफ्नै कार्यलयमा स्थापना गरिएको उक्त केन्द्रको वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले उदघाटन गर्नुभएको थियो।
कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख सिंहले विभिन्न कारणले हात गुमाएका मानिसहरुलाई नि:शूल्क रुपमा कृतिम हात उपलब्ध गराउने पवित्र उदेश्यले स्थापना गरिएको कार्य सराहनीय रहेको बताउनुभयो। उहाँले यस कार्यका लागि महानगर हातेमालो गरेर अघी बढ्न तयार रहेको बताउनुभयो।
यसैगरी रोटरी क्लब अफ वीरगंजका अध्यक्ष पियुस गुप्ताले खुट्टा नभएकाहरुलाई नि: शूल्क कृतिम खुट्टा लगाई यसअघी देखि नै सेवा प्रदान गर्दै आईरहेको भन्दै अब नि:शूल्क रुपमा आवश्यक पर्नेहरुलाई कृतिम हात लगाईदिने बताउनुभयो। गुप्ताले हातखुट्टा नभएकै कारण रोजगारीबाट वंचित हुनु नपरोस भन्ने अभिप्रायले उक्त केन्द्रको स्थापना गरिएको बताउनुभयो। उहाँले कसैलाई आवश्यक परे कार्यलयमा आएर नि:शूल्क रुपमा कृतिम हात र खुट्टालगाउन सक्ने बताउनुभयो। हालसम्म २ सय ५० जनालाई कृतिम खुट्टा प्रदान गरिएको बताउनुभयो।
कार्यक्रममा यस संस्थाबाट सेवा लिएका पर्साका दुई जनाले आफ्ना अनुभव सुनाउनुका साथै १ जनालाई कृतिम हात लगाईएको थियो।
कार्यक्रममा वीरगंज महानगरपालिकाका वडा नम्बर ४ का डा अध्यक्ष जगत साह कानु, भारतीय दुतावासका नितिश कुमार, नेपाल चिकीत्सक संघका अध्यक्ष मनोज कुमार गुप्ता, तराई यातायात व्यवसायी संघका अध्यक्ष सोहेल अख्तर, वुमेन किएसनकी अध्यक्ष हेमा अग्रवाल लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन राजेन्द्र चौधरीले गर्नुभएको थियो।

# लालगढ मोडल हस्पिटलले बिरामी ठग्दै आएको आरोप

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २२।
धनुषाको मिथिला नगरपालिकास्थित लालगढ मोडेल हस्पिटलले प्याकेजमा उपचार गर्ने नाममा बिरामी ठग्दै आएको आरोप लगाइएको छ।
पूर्वपश्चिम राजमार्ग अन्तर्गत धनुषाको मिथिला नगरपालिका-१० लालगढस्थित लालगढ मोडेल हस्पिटलानले प्याकेजमा उपचार गर्ने भनेर उपचारपछि बढी रकम लिएको पीडितले पक्षले आरोप लगाएका हुन्।
धनुषाको गणेशमान चारनाथ नगरपालिका-६ गोदारका पीडित सुरेन्द्र साहले बिरामी भर्ना गर्ने बेलामा प्योकजमै उपचार गर्ने बताएका थिए तर उपचारपछि डिस्चार्ज गर्ने बेलामा अर्कोथरी कुरा गरी बढी रकम लिएको आरोप लगाए।
उनका अनुसार गत मंसिर १८ गते मोटरसाइकल दुर्घटनामा आफ्ना भाई कमलेश कुमार साहको खुट्टा भाँचिदा उपचारका लागि ल्याउंदा सबै अवस्था देखेर प्याकेजमा ५० हजारमा अप्रेशनसहित सम्पूर्ण उपचार गर्ने अस्पताल व्यवस्थापनले बताएका थिए। तर उपचार पछि डिस्चार्ज गर्ने बेला भने करिब ७१ हजारको बिल तिर्न लगाइयो।
उनले भनेबिल तिर्ने बेलामा आफूले ५० हजारमै कुराकानी भएको कुरा राख्दा अन्तत: ६८ हजार रुपैयाँ तिरेर मंसिर २२ गते राति नै बिरामीलाई डिस्चार्ज गराए।
यस विषयमा हस्पिटल व्यवस्थासँग कुरा गर्दा भने शुरुमा हामीले ५० हजार खर्च लाग्न सक्छ भनेका थियौं, तर कमलेशको अप्रेशन जटिल भएको र बढी समय लागेकोले अन्य बिल बढ्न गएको हो। यो हस्पिटलले सुरुमा यसरी नै सस्तोमै प्याकेजमा उपचार गर्ने र पछि डिस्चार्जको बेला बढीको बिल थमाउने गरेको आरोप पटक पटक लाग्दै आएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझभ्का : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## -------- राशिफल --------

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ। शुभकार्यको चर्चा चल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज मनमा दुबिधा उत्पन्न हुनेछ। मानसिक चिन्ता बढ्नेछ। मालसामान हराउन सक्छ। नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज महत्त्वपूर्ण अवसर गुम्न सक्छ। सौन्दर्यतामा र साँझमा अधिक पैसा खर्च हुने योग छ, आफन्तको सल्लाह लिनु नै उचित हुनेछ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
चिताएको कामले तीव्रता लिनेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ। जोशजाँगर र हिम्मत बढ्नेछ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
इच्छा र आकाङ्क्षा पूर्ण होला। पठनपाठनमा प्रगति हुनेछ। नजिकको व्यक्तिसँग भेटघाट हुनेछ। दिनको उत्तरार्धमा केही धन खर्च बढ्नेछ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
मित्रबाट सहयोग मिल्नेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
अरुको भर पर्दा धोका पाइनसक्छ। राजनैतिक कार्यमा बाधा आउनेछ। सानातिना समस्यामा अल्झिनुपर्ने हुन्छ। धनमाल पनि हराउन सक्छ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज आकस्मिक धन लाभ हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ। मान प्रतिष्ठामा वृद्धि होला। मनोरञ्जनमा सहभागिता भइएला।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज शुभ समाचार सुन्न पाइएला। प्यारो साथीसँग भेट हुनेछ। नयाँ कार्यको थालनी होला। राजनीतिक कार्यमा पनि सफलता मिल्नेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
अरुलाई प्रभावित पारेर काम बन्नेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ। मन मिल्ने प्यारो साथीसँग भेट होला। नयाँ काम सुरु गर्ने मौका छ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
भाग्यलाई बलियो बनाउन दिनदु:खीलाई खुसी बनाउनु पर्दछ। घरमा कुटुम्बको आगमन हुनसक्छ। प्रतिष्ठा प्राप्तिका लागि संघर्ष गर्नु पर्नेछ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ। पराक्रम र उत्साह बढ्नेछ। उद्योग र व्यापारमा विशेष फाइदाको योग छ। प्रतिस्पर्धी परास्त होलान्।

# न्यायिक समितिकी संयोजक नै न्यायको खोजीमा

मुकेश कुमार साह
रौतहट ,मंसिर २२

वृन्दावन नगरपालिकाकि उपप्रमुख संगिता कुमारी रामले न्यायिक समितिको सचिवालय संचालनको लागि आवश्यक व्यवस्था मिलाई दिन नगरपालिका संग आग्रह गरेकी छन ।

प्रमुख प्रशासकिय अधिकृत खेम बहादुर भुजेल संग पटक-पटकको आग्रह पछि लिखितरुपमा नै माग गरेपनि सचिवालयप्रति वेवास्ता गरेको उपप्रमुख रामको गुनासो छ ।

सचिवालय नहुदा न्यायिक समिति बाट हुने कार्य सम्पादन प्रभावकारी हुन नसकेको उपमेयर रामको भनाइ रहेको छ । उनले जिल्ला अदालत गौरलाई बोधार्थ गरि गत भदौ २६ गते प्रशासकिय अधिकृतलाई चिठ्ठी बुझाएकि थिईन । तीन महिना भईसक्दा समेत कुनै सुनुवाई नगरेपछी उनि पुन:अर्को चिठी सूचना आयोग र अन्य निकायमा दिने तयारीमा रहेको बताएकि छन ।

जनतालाई न्याय दिलाउने न्यायिक समितिका संयोजक नै न्याय खोज्न अदालत र बिभिन्न निकायहरु धाउन थालेपछि जनताले न्याय खोज्न जाने ठाउँ नपाउँदा वृन्दावन नगरपालिकाका जनता मारमा परेका छन । नगरपालिकामा भईरहेको गतिविधिमा आफूलाई सहभागी नगराएको र आफ्नो अधिकार खोसिएको भन्दै नगरपालिकाका मेयर बिनोद पटेलको कार्यप्रति समेत उपमेयर राम असन्तुष्टी व्यक्त गर्दै आएकी छन । नगरपालिकामा मेयर र उपमेयर बीच कुरा नमिल्दा जनताका काम प्रभावित बन्दै आएको स्थानीयको भनाई छ । नगरपालिकामा केहि समयदेखि विवाद रहेकोले वृन्दावनका जनता अन्यायमा परेको स्थानीय अदित्य रजकले बताए । नगरपालिकाको न्यायिक समिति केहि समय अगाडी नै गठन गरिएको भएपनि नगरपालिकाले आवश्यक व्यवस्था नमिलाएका कारण अहिलेसम्म न्यायिक समितिले काम सुरु गर्न सकेको छैन । मुद्दा दर्ता गर्ने कर्मचारी, फर्निचर , अमिनलगायत आवश्यक प्राविधिक कुराका लागि पटक-पटक ताकेता गर्दा पनि नगर प्रमुखले बेवास्ता गरेपछि न्यायिक समितिले काम सुचारु गर्न नसकेको संयोजक तथा उपमेयर रामले बताइन । उपमेयर राम नगरपालिकाको योजना तथा कार्यक्रम अनुगमन समितिकी संयोजक हुन् । तर, विकास निर्माणका काम सम्पन्न भएपछि रकम भुक्तानी गर्दा समेत उनलाई जानकारी नदिइदै आएको उनको गुनासो रहेको छ । आफ्नो नेतृत्वको न्यायिक समितिलाई कर्मचारीविहीन बनाउने, निर्णय प्रक्रियाबाट बञ्चितगर्ने, जानकारी विनै योजना तर्जुमागर्ने, अनुगमनविनै योजना फछ्र्योट गर्ने प्रशाशकिय अधिकृत भुजेल र मेयर पटेलको रवैयाका कारण आफु अन्यायमा परेको उनि बताउछिन ।

यस बिषयमा बुझ्न खोज्दा वृन्दावन नगरपालिकाका मेयर बिनोद पटेलको फोन उठेन भने प्रशाशकिय अधिकृत भुजेलको फोन स्विच अफ रहेको थियो ।

# बाग्मती तटबन्ध उच्च जोखिममा

## मर्मत सम्भारको नाममा ६ करोड बालुवामा



विकास अग्रवाल
गौर, मंसिर २२ ।

रौतहटको राजदेवी नगरपालिका स्थित वाग्मती नदीको तटबन्ध तथा स्परहरु उच्च जोखिममा रहेका छन् ।

प्रत्येक वर्ष नगरपालिकाले हचुवाको भरमा स्परहरुलाई गुणस्तरहीन रुपले मर्मत सम्भार गर्दे आए पनि तटबन्धको जोखिम घट्ने भन्दा बढ्ने गरेको छ । नगरपालिकाले प्रत्येक वर्ष वर्षा याममा ठोकर तथा स्परहरुमा माटो पुरेर काम गर्दे आएपछी यसवर्ष नदीको धारनै परिवर्तन भएर तटबन्ध तर्फ मोडिएकोले तटबन्ध उच्च जोखिममा परेको छ । उक्त नगरपालिकाको ब्रम्ह्पुरी तथा चण्डिया गाउँ नजिकै खोला तटबन्ध तर्फ टासिएर बग्न सुरु भएपछी गाउँलेहरु चिन्तित बनेका छन् ।

नदीमा अहिले नै पानीको सतह घट्दै बढ्दै गएपछी राजदेवी नगरपालिका ९ स्थित एक नम्बर स्परलाई छाडेर काली मन्दिर तर्फको तटबन्ध नजिकैबाट खोला पुगेपछी खतरा बढेको स्थानीय नविन सिंहले बताउँछन्।

प्रत्येक वर्ष बालुवामा पानी खन्याए सरह बजेट सकाएर गुणस्तरहिन काम भएको भएपनि काम लाग्ने काम नभएको स्थानीय बताउँछन् । ' स्परहरु ठिक अवस्थामा छैनन् ' सिंह भन्छन्' पानीको बहाव र स्थिती हेर्दा अहिले तटबन्धनै खतरामा पुगेको छ ।' प्रत्येक वर्ष नदीले दुख दिइरहेपनी सम्बन्धित निकायले वर्षाको बेला सामान्य काम गरेर लाखौं रुपैया निकाशा गर्दे आएको सिंह बताउँछन् । मर्मत सम्भारको नाममा वार्षिक लाखौ रुपैया नदीमा खर्च हुँदै आएपनि निमार्ण गरिएको ठोकर तथा स्परहरु समेत जीर्ण अवस्थामा रहेको देखिन्छ ।

राजदेवी नगरपालिकाका नगर प्रमुख भिखारी यादव भने आफ्नै समस्या सुनाउँछन् । नदी नियन्त्रणका लागि आफुले विभिन्न निकाय धाउँदा समेत कुनै सुनुवाई नभएको उनको कथन छ । नगरपालिका अर्न्तगतको वाग्मती नदी नियन्त्रण गर्न तत्काल पाँच करोड रुपैयाको आवश्यकता हुने यादवले बताउँदै यादव भन्छन् ' मन्त्रालय तथा विभागले कुनै चासो लिएका छैनन् ।'

नगरपालिकाको श्रोत साधनबाट यसवर्ष तटबन्ध जोगाउन नसकिने बताउँदै यादवले ब्रम्ह्पुरी तथा चण्डिया नजिकैको तटबन्ध उच्च जोखिममा रहेको जानकारी दिए ।

राजदेवी नगरपालिकाका इन्जिनियर सञ्जय कुमार पाण्डेले विगतका आर्थिक वर्षहरुमा नदीमा स्पर तथा मर्मत सम्भारको नाममा तीन करोड रुपैया भन्दा बढी रकम खर्च भईसकेको जानकारी दिएका छन् । वर्षा याममा नदीले कटान गर्दा स्पर तथा तटबन्ध मर्मत सम्भारको नाममा पाँच आर्थिक वर्षमा बालुवा भरेर मात्र तीन करोड रुपैया नगरपालिकाले खर्चेको बताउँदै इन्जिनियर पाण्डेले सोही रकमको हाराहारीमा नदी नियन्त्रण कार्यालय परवानीपुरले समेत रकम खर्चेको जानकारी दिए । समयमै उच्च जोखिममा रहेका स्थानहरुको पहिचान गरी दिर्घकालिन समस्याको समाधान नगरे सदरमुकाम गौर सहित आसपासका हजारौं जनता खतरामा छन् ।

# विद्यालयको अनुगमनमा निस्के लेखी

डम्बर राई
सप्तरी, मंसिर २२

प्रदेश सभा सदस्य राज कुमार लेखी विधालयहरुमा शैक्षिक गतिविधि बारे अनुगमन सुरु गरेका छन । मंसीर ४ गतेको सम्पन्न निर्वाचनमा सप्तरी निर्वाचन क्षेत्र नम्वर १(क)बाट निर्वाचित लेखीले सप्तकोसी नगरपालिका, कञ्चनरुप नगरपालिका र अग्नीसाइर कृष्णासवरन गाउपालिकाका केहि विधालयहरुमा अनुगमन सम्पन्न गरेका छन ।

उनले अभियानकै रुपमा केहि दिनदेखी विधालयहरु धाउनेक्रममा शैक्षिक अवस्था कमजोर रहेको पाइएको जानकारी दिएका छन् । अनुगमनको क्रममा भौतिक वातावरण राम्रो देखिएको विधालयमा पनि शैक्षिक गुणस्तर हुनुपर्ने खालको नभएको र केहि विधालयको शैक्षिक अवस्थासंगै भौतिक अवस्था पनि नाजुक देखिएको बताएका छन । सामुदायिक विधालयहरुलाई स्थानिय सरकारले आवश्यक नीति नियम तथा व्यवस्थापन तर्जुमा गरेर संचालन गर्ने प्रावधान छ तर स्थानिय सरकारले शिक्षालाई त्यत्ति महत्व नदिइएको उनको भनाई रहेको छ ।

शैक्षिक क्षेत्रमा स्थानिय जनप्रतिनिधि, आम नागरिक, अविभावक लगायत सम्पूर्ण व्यक्तित्वको ध्यानाकार्षण होस भन्दै लेखीले यसमा लगानी गर्ने वातावरण बनाउन आग्रह गरेका छन् । उनले सामुदायिक विधालयमा छात्र छात्राको शैक्षिक गुणस्तर मापदण्ड भर्ना प्रक्रियाबाट पनि बुझ्न् सकिने माध्यमलाई कोट्याएका छन् । यदि विधार्थी भर्नादर घटेर जादैछन् भने यसका पहिलो कारण त शैक्षिक क्षेत्रमा कमजोरीपना हो र अरु अन्य पनि हुन्छन् यसलाई स्थानिय निकायले ध्यान दिनुपर्छ,उनले भने,“यसमा व्यवस्थापन समितिको ठुलो हातहुन्छ, शिक्षाको महत्व बुझेका र यसमा सक्रियता राख्ने जानकारहरु रहेको व्यवस्थापन समितिले शिक्षास्तरलाई उकास्ने काम गर्दछ । यस्ता कार्यमा कमी कमजोरी भएको विधालयमा सुधार गर्दै लैजानुपर्छ उनले भने विधार्थीहरुलाई आकर्षण गर्न शैक्षिक, भौतिक लगायत वातावरणको आवश्यकता पूरा गर्नैपर्छ ।” उनले शैक्षिक क्षेत्रको वर्तमान अवस्था विषयमाथी छलफल चलाए लगत्तै स्थानिय जनप्रतिनिधिहरु सहित विधालयहरुमा पुगेर लेखीले गतिविधिवारे संकलन टिपोर्ट गरेको बताए । मधेश प्रदेशमा सप्तरीको शैक्षिक अवस्था न्युन रहेको टिप्पणी गर्दै उनले भने,“सिङ्गो मधेश प्रदेशकै शैक्षिक स्तरलाई सुधार गर्नुपर्छ । लेखीको आँकडामा प्रदेशमै साक्षरता ६५ प्रतिशत र सप्तरीमा ५५ प्रतिशत छ ।” आफु निर्वाचित



भएसंगै आफ्नो काँधमा जिम्मेवारी एवं दायित्व आएकाले सर्वप्रथम मैलै शिक्षाक्षेत्रबाट प्रवेश गर्न लागेको हुँ लेखीले बताए ।

मधेश प्रदेशको प्रतिनिधिको रुपमा आफुले उभिएर दायित्व निर्वाह गर्नेक्रममा यहाँका मुद्धा उठान र कार्यान्वयन गराउने उनले प्रतिवद्धता जनाए । शैक्षिक क्षेत्रलाई नै बढी जोडदिदै आफ्नो क्षेत्रको न्युन साक्षरतालाई उकास्न नसके भोलीका सन्ततीको भविश्य अन्धकार त हुन्छ नै हामीलाई पनि सराप्छन् लेखीको भनाई छ । तसर्थ हामीले आजैबाट यतातर्फ जुटीहाल्नु पर्छ भन्दै उनले प्रदेशकै शंक्षिक क्षेत्र उकास्ने योजना समेत तयारी गरेकाछन् । उनको योजनानुसार विधार्थी भर्ना अभियान, विधालयको शैक्षिक, भौतिक गुणस्तर, समय समयमा प्रशिक्षण तथा शैक्षिक कार्यक्रम, सक्षम र योग्य व्यक्तित्वको व्यवस्थापन समिति लगायत छन् । उनले थप सुझाव योग्य कुरामा विधालयलाई पुरस्कृत र विपन्न, गरीव घरपरिवारलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने नीति अघि सारे । जबसम्म प्राविधिक युक्त शिक्षा हुदैन तबसम्म गुणस्तर शिक्षा मान्न नसकिने उनको तर्क छ । उनले विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव एवं सूचना लगायत प्रविधि जन्य शिक्षाको थालनी अनिवार्य रुपमा हुनुपर्ने बताए । शिक्षण पेसालाई सम्मानित बनाई विज्ञहरुको समूह निर्माण गर्ने उनले धारणा सुनाए ।

# सभ्यता र संस्कृतिको रक्षा गर्ने महिला सवैभन्दा बढि सुरक्षित

मधेशदृष्टि
जनकपुरधाम,मंसिर २२

१६ दिने अन्तर्राष्ट्रिय महिला हिंसा विरुद्धको दिवसको अवसर पारेर जनकपुरधाममा सञ्चार क्षेत्रमा महिलाको सहभागिता र सुरक्षा विषयक बृहत्त छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको छ ।

फ्रि मिडिया नेटवर्कको आयोजना तथा नेपाल पत्रकार महासंघ धनुषाको संयोजनमा विहिवार आयोजना गरिएको कार्यक्रममा सहभागि वक्ताहरुले महिला पत्रकारहरु आफ्नो कार्यस्थलमा आफैं सजग र सचेत रहन आवश्यक भएको बताए । शहिद पत्रकार उमा सिंहको हत्यापछि महिला पत्रकारहरु असुरक्षित महशुस गरेपनि पछिल्लो समय दर्जनौंको संख्यामा महिला पत्रकारहरु सक्रिय रहेको र समाजको राम्रो साथ पाईरहेको सहभागिहरुको जिकिर थियो । जनकपुरधामउपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले आफनो सभ्यता र संस्कृतिलाई रक्षा गर्ने महिला सबैभन्दा वढि सुरक्षीत रहेको वताए । उनले पत्रकारिता क्षेत्रको विकासका लागि जनकपुरधाम उपमहानगरपालिका गम्भिर रहेको बताए ।

उनले पत्रकारहरुले सामाजिक विकृति विसंगतिको अन्त्य गर्नका लागि क्रियाशील हुन आवश्यक रहेको धारणा राखे ।उनले पत्रकारिता आफैंमा जोखिमपूर्ण पेशा रहेको बताउँदै समाचारले एक पक्ष प्रभावित हुने भएकाले जहिले पनि जोखिममा रहने बताए । नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रिंकु गायत्री मिश्रले महिला पत्रकारहरु कार्यस्थलमा बढी असुरक्षित महशुस गर्ने गरेकोले स्वयं सुरक्षित भएर पत्रकारिता गर्न आवश्यक भएको धारणा राखेकी थिइन ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले महिला पत्रकारहरु पहिला भन्दा निकै शसक्त भएर अगाडी बढ्न थालेकोमा खुशी व्यक्त गर्दै क्षमताको विकास गर्न आवश्यक रहेको बताए । नेपाल पत्रकार महासंघ धनुषाका कार्यवाहक अध्यक्ष अवधेश कामतको अध्यक्षतामा भएको सो कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका मधेस प्रदेश कार्यालयका मानव अधिकार अधिकृत रेखा दत्तले पत्रकार आचारसंहिताको पालना गर्दै पत्रकारिता गर्न सुझाव दिइन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष नेहा झाले सञ्चार क्षेत्रमा महिलाको सहभागिता र सुरक्षा विषयमा कार्यपत्र प्रस्तुत गरेकी थिइन ।

# किशोर किशोरीका लागि जीवनोपयोगी तालिम सुरु

घनश्याम बलम्पाकी
सर्लाही मंसिर २२

सर्लाहीको बागमतीमा विहिवारबाट बाल स्पोन्सर सिप परियोजना अनतर्गत किशोर किशोरीको समग्र विकासका लागि तालिम सुरु भएको छ ।

बागमती सेवा समाज नेपालको आयोजनामा १० दिने रुपान्तरण जीवनोपयोगी शिप प्रशिक्षक प्रशिक्षण तालिम सुरु भएको हो ।

तालिममा जिल्लाको हरि पूर्वा नगरपालिका र पर्सा गाउँपालिकाका २४ जना किशोर किशोरीको सहभागिता रहेको बागमती सेवा समाज नेपालका अध्यक्ष भरत कुमार कार्कीले जानकारी दिए । उनका अनुसार पछिल्लो समय हाम्रो समाजमा किशोर किशोरीलाइ समयमै सकारात्मक ज्ञानको विकास गराउन नसक्दा गलत बाटो रोज्ने गरेको बताएका छन् । समाजमा ब्याप्त दहेज प्रथा, बालविवाह, स्वास्थ्य,शिक्षामा भइरहेको बेथिती अन्त्यमा गर्नमा तालिमले मदत पुग्ने बताए ।

तालिममा सहभागी प्रशिक्षार्थीहरु हरिपुर्वा र पर्साका स्थानिय विधालयमा कक्षा ९ देखि १२ कक्षामा अध्ययनरत छात्रछात्रा छन ।



बागमती सेवा समाज नेपालको आयोजना, वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, नेपाली जुटौ बालविवाह रोकौको सहयोग र हरि पूर्वा नगरपालिका र पर्सा गाउँपालिकको समन्वयमा तालिम सञ्चालन भएको अध्यक्ष कार्कीले जनाए ।

तालिम हरिपूर्वा नगरपालिकाका नगर प्रमुख बिनोद कुमार साहले उद्घाटन गरेका छन् ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

## सम्पादकीय

# हुलाकी सडकमा बिलम्ब, जनतालाई सास्ती

सर्लाही सदरमुकाम मलंगवा नगरपालिका-६, मुसैलीका स्थानीय यतिखेर हुलाकी सडक निर्माणको माग गर्दै चक्काजाममा उत्रिएका छन् । कालो पत्रै नगरेर अलपत्र अवस्थामा छाडिएको हुलाकी सडकको धुलोले हैरान भएको भन्दै स्थानीयले सडकमा टायर बालेर चक्काजाम गरिरहेका छन् । स्थानीयको पटक पटकको अनुरोध र विरोध वेवास्ता गरेपछि सघर्षको बाटो लिएका हुन् ।

आन्दोलित स्थानीयले ठेकेदार र उसको प्रतिनिधि आएपछि मात्रै चक्काजाम खोल्ने अडान लिइरहेका छन् । मुसैलीका स्थानीय जस्तै केही दिनअघि कौडेना बजारका स्थानीयले पनि चक्काजाम गरेका थिए । स्थानीय बिरोधपछि केही मात्रामा कालोपत्रे गरेर त्यत्तिकै छोडिएको छ । वर्षौंदेखि जरजर अवस्थामा रहेको हुलाकी सडकमा यातायातहरु गुड्दा र हावा लाग्दा कुहिरीमण्डल भएर धूलो उड्छ जसले स्थानीयको जनस्वास्थमा समेत प्रभाव पारिरहेको छ ।

सडक निर्माण गर्ने ठेकेदार र निर्माणको जिम्मेवारी लिने सरकारी निकायको गैर जिम्मेवारीका कारण स्थानीय प्रभावित भइरहेका छन् । सडक निर्माणको ठेक्का अनुसार काम लगाउने काम हुलाकी राजमार्ग आयोजनाको हो । तोकिएको समयमा काम भइरहेको छ वा छैन ? सडकको काम गर्दा स्थानीयलाई के कती मर्का परेको छ ? त्यसको सम्बोधन सडक आयोजनाले गर्ने हो । निश्चय पनि निर्माणको काम गर्दा धुलो, ढुंगा, माटो हुन्छ । तर, त्यस्तो अवस्था कहिलेसम्म ? निर्माणकै समयमा पनि दैनिक पटक पटक पानी छम्पिएर धुलो कम उड्ने बनाउन सकिन्छ । तर,त्यस्तो केही काम गरिएको छैन ।

पाँच वर्ष अघि सर्लाहीमा निर्माण हुन बाँकी सडकको ठेक्का लागेको हो । संझौता अनुसार ५ वर्ष भित्र काम सक्नुपर्ने थियो । तर पाँच वर्ष बितिसक्दा पनि कामको प्रगती ६० प्रतिशतको हाराहारीमा छ । यस आधारमा घमाघम काम गर्दा पनि अझै २, ३ वर्ष सबै काम सम्पन्न हुन लाग्ने हुन्छ । तर, ठेकेदारहरु फिल्डमा छैनन् भन्ने स्थानीयको आरोप छ । उता, हुलाकी सडक आयोजनाले पनि जिम्मेवारी लिइरहेको देखिदैन ।सर्लाहीमा ४० किलो मीटर सडक निर्माणका लागि ६४ करोडमा ठेक्का लागेको थियो । ठेकेदारहरुले आधा रकम ३२ करोड लिइसकेका छन् । त्यसोत सर्लाहीका छिमेकी जिल्ला रौटहट, बारामा पर्ने हुलाकी राजमार्गको काम भने सम्पन्न भइसकेका छन् ।

हुलाकी राजमार्गको लम्बाई पूर्वपश्चिम करिब १ हजार ८ सय किलो मीटर लामो रेखाङ्कन भएको छ । हुलाकी राजमार्ग मध्य तराईको लाइफ लाइन मानिन्छ । भारत सरकारको अनुदान सहयोगमा निर्माण हुने योजनामा रहेको राजमार्गको निर्माण गति धिमामात्र छैन, यो राजमार्गले राजनीति, कूटनीतिका विभिन्न पाटा भोग्दै झैल्दै आएको छ । पूर्व पश्चिम राजमार्गको समानान्तर रेखाङ्कन भएको राजमार्गको निर्माण प्रारम्भ ३ दशक अघि देखिको विषय भएपनि यसले प्रारम्भमा प्राथमिकता पाएन । भारतका तत्कालिन प्रधानमन्त्री चन्द्रशेखरको नेपाल भ्रमणको समयमा ३० वर्ष अघि कुरा अगाडि बढेको थियो । त्यसको करिव १५ वर्ष पछि २०६१ मा नेपाल भारतबीच संझौता भएर काम अघि बढेको हो । प्रारम्भमा भारत सरकारको अनुदानमा बन्ने भनिएको भएपनि पछि आएर अघिकांश बजेट नेपालले लगानी गर्दै छ । भारतले कूल निर्माण खर्चको एक तीहाईमात्र व्यहोरी रहेको बताइन्छ ।

सर्लाहीको हकमा ठेक्का संझौता अनुसार काम नगर्ने ठेकेदार माथी जरिवान सहित कारवाही गर्न आवश्यक छ । सडकको काम अधुरो छोडेर स्थानीयलाई धुलोमा डुबाउन जिमेवार निकायलाई सुहाँउने कुरा होइन । तत्काल, कम धुलो निस्कने गरी निर्माणलाई प्राथमिकता

# विश्वव्यापी प्रवृत्तिको अवलम्बन र बदल्नुपर्ने व्यापार रणनीति



- डा. पोषराज पाण्डे

***अब नेपाल अति कम विकसित मुलुकको सूचीबाट विकासशीलमा स्तरोन्नति हुँदै छ । नीतिको कुरा पनि आउँछ । अब अन्तर्राष्ट्रिय व्यापारिक साझेदारसँग के गर्ने भन्नेमा रणनीति बनाउन केन्द्रितहुनुपर्छ । त्यो गर्न सके आजको भोलि होइन, अबको ५/७ वर्षमा व्यापार घाटा कम गर्न सकिन्छ ।***

अब नेपाल अति कम विकसित मुलुकको सूचीबाट विकासशीलमा स्तरोन्नति हुँदै छ । नीतिको कुरा पनि आउँछ । अब अन्तर्राष्ट्रिय व्यापारिक साझेदारसँग के गर्ने भन्नेमा रणनीति बनाउन केन्द्रितहुनुपर्छ । त्यो गर्न सके आजको भोलि होइन, अबको ५/७ वर्षमा व्यापार घाटा कम गर्न सकिन्छ

अहिले अन्तर्राष्ट्रिय व्यापारको अवस्था हेर्ने हो भने कुल गार्हस्थ उत्पादन (जीडीपी) मा निर्यात घट्दै गएको छ । स्वदेशमै उत्पादन गर्न सकिने कृषिजन्य वस्तुको आयात पनि बढेको देखिन्छ । दुई तिहाइको आयात/निर्यात व्यापार भारतसँग छ । अलिकति चीनबाहेक अन्य मुलुकसँग व्यापार बढाउन सकेका छैनौं । व्यापार विविधीकरण गर्न सकेका छैनौं ।

आयात-निर्यात र व्यापार घाटाको चुनौती

उत्पादन बढाउन नसक्ने, निर्यात पनि गर्न नसक्ने तर आयात भने बढ्ने हुँदा व्यापार घाटा बढ्यो । गत वर्षको तथ्यांक हेर्दा व्यापार घाटा १३ सय ९८ अर्ब रुपैयाँ छ । त्यो भनेको जीडीपीको ३२.७ प्रतिशत हो । भन्सार विभागको कात्तिक मसान्तसम्म (४ महिना) को तथ्यांक हेर्दा पनि निर्यात व्यापार ८२ अर्ब रुपैयाँ मात्रै छ । निर्यात भएका वस्तुमध्ये आधाभन्दा बढी आयातमा आधारित भटमास र पाम तेल छन् । गत वर्षको निर्यात भएको बस्तु हेर्दा पनि स्वदेशी उत्पादित वस्तु छैन । त्यो नहुँदा निर्यात बढेन । कच्चा पदार्थ आयात गरेर पुनः निर्यात हुने भटमास, पाम तेलले आयात व्यापारलाई नै बढाउँछ । सोही कारण गत वर्षको निर्यात व्यापार हेर्दा 'हेल्दी ट्रेड' होइन ।

चालू आर्थिक वर्षको ४ महिनामा ६ खर्ब ५० अर्बको आयात र ८२ अर्बको निर्यात भएको छ । ४ महिनामै ५ खर्ब ६८ अर्ब घाटा छ । यही गतिमा जाने हो भने अबको वर्ष १७/१८ सय अर्ब घाटा हुने देखिन्छ । त्यो भनेको जीडीपीको ४० प्रतिशत जति हो । हाम्रो अर्थतन्त्रलाई सबैभन्दा बढी चुनौती भनेको २/३ वटा वस्तु हो । मुलुकमा वार्षिक लगभग २ सय अर्ब रुपैयाँको इन्धन आयात हुन्छ । त्यसले गर्दा यो वर्षमा मात्रै १७/१८ सय अर्बको घाटा हुने देखिन्छ । अबको मुख्य चुनौती नै व्यापार घाटा कसरी घटाउने भन्ने हो । सरकाले त्यसतर्फ ध्यान दिनुपर्छ । घाटा कम गर्न एक त हामी डब्लुटिओको सदस्य, साफ्टामा पनि छौं । त्यसले गर्दा हामीलाई द्विपक्षीय अवरोध पनि छ । घाटालाई नियन्त्रण गर्न आयात बन्द, परिमाणात्मक बन्देजभन्दा पनि सकारात्मक जितको रणनीतिमा जानुपर्छ । त्यो भनेको आयातलाई नि?त्साहित गर्नुपर्छ ।

एक मात्रै विकल्प कृषि क्षेत्रको उत्पादनमा जोड दिनुपर्छ । सरकारी तथ्यांकअनुसार दाल, चामल आयातमा मात्रै ५० अर्ब रुपैयाँ बाहिरिने गरेको छ । तरकारीको अवस्था पनि उस्तै छ । यी वस्तु हामी उत्पादन गर्न सक्छौ । त्यतातिर केन्द्रित हुन सके दुई/तीन वर्षमा आयात घटाउन सक्छौं । अर्को पेट्रोलियम पदार्थको आयात २ खर्ब बढी छ । त्यसको विकल्प विद्युत् हुन सक्छ । घरायसी खपत बढाउन बिजुलीको उपयोग गर्न सके कम्तीमा वार्षिक ७०/८० अर्ब बचाउन सकिन्छ । हामीले इन्धनको खपतलाई बढावा नदिऊँ । त्यसलाई बढावा दिँदा अन्तत उपभोक्तालाई नै भार पर्छ । २५ प्रतिशत गैरकर लगाउने भनेको उपभोक्तालाई भार पर्ने हो । उपभोक्तालाई त्यति बोझ पनि दिनुहुँदैन । त्यस कारण पनि घाटा कम गर्न सकारात्मक हिसाबले सोच्नुपर्छ ।

अहिलेको अवस्था किन आयो ? त्यो पनि विचार गरौं । हामी १९९० दशकको कुरा गर्ने हो भने गैरकरले आर्थिक वृद्धि हुन्छ । त्यसपछि गरिबीलाई घटाउँछ, आर्थिक गतिविधि बढ्नेबित्तिकै सरकारलाई पनि राजस्व संकलन हुन्छ । सामाजिक उत्तरदायित्व शिक्षा, स्वास्थ्य पूर्वाधारको पनि विकास हुन्छ भनेर सुधारका एजेन्डा आए । त्यसलाई हामीले उदारीकरण गर्‍यौं । लाइसेन्स, कोटा खारेज गर्‍यौं । कतिपय प्रोडक्ट बन्देज थियो, त्यसलाई खारेज गर्‍यौं । सुरक्षात्मक पर्खाल भत्काउँदै गयौं । त्यसपछि द्विपक्षीय स्तरमा व्यापार सम्झौता गर्‍यौं । डब्लुटिओको सदस्य बन्नुअगाडी १९ मुलुकसँग सम्झौता गर्‍यौं । त्यसको मुख्य उद्देश्य भनेको उपयोग मार्फत ग्लोबल अर्थतन्त्रमा एकीकरण गर्ने हो । २००४ मा डब्लुटिओ सदस्य भयौं । अर्थतन्त्रलाई हामीले उदारीकरण गर्‍यौं । ग्लोबल रूपमा सदस्य पनि बन्यौं । तर, हामी किन व्यापार घाटामा गयौं त ? हाम्रो निर्यात किन बढ्न सकेन ? आयात मात्रै किन बढ्यो ? प्रश्न उब्जेको छ । अहिले जति नीति छन्, उदारवादसँग सम्बन्धित नीति कार्यान्वयन सजिलो छैन । सिंहदरबारमा बसेर हस्ताक्षर गर्न सजिलो छ । तर, व्यवहारमा/कार्यान्वयन गर्न जटिल छ । नीतिमा मात्रै सुधार होइन, भौतिक पूर्वाधारमा पनि सुधार आवश्यक छ ।

कमजोर उत्पादन, पूर्वाधार र प्राथमिकता

भूपरिवेष्ठित मुलुकको नाताले कनेक्टिभिटीमा पनि जोड हुनुपर्थ्यो । कनेक्टीभिटी भनेको सडक, रेलमार्ग । त्यतातिर पनि जानुपर्थ्यो । अर्को महत्वपूर्ण कुरा, निर्यातयोग्य नाफा हुने नीति ल्याउनुपर्थ्यो, तर ल्याउन सकेनौं । उत्पादत्व क्षमता बढाउनुपर्थ्यो, त्यो हामीले गर्न सकेनौं । हामीले द्विपक्षीय, डब्लुटिओमा पनि गयौं, उत्पादन बजारसम्म पुर्‍याउने दायित्व हाम्रै हो ।तर, उत्पादनै गर्न सकेनौं । यसको एउटा मुख्य कारक माओवादी र ट्रेड युनियन पनि हो । भौतिक पूर्वाधारको पनि सुधार हुनुपर्ने थियो । त्यो पनि गर्न सकेनौं । त्यसपछि ट्रेड लजिस्टिक पनि गर्न सकेनौं । व्यापार लागत उच्च भयो । उदाहरणका लागि फलफूल व्यवसायको राम्रो भविष्य छ । खाडी मुलुकमा निर्यात गर्न सकिन्छ । त्यसका लागि एयरपोर्ट/भन्सार, सीमा नाकामा सहजीकरण हुनुपर्‍यो । एजेन्सीहरूबीच समन्वयकारी भूमिका हुनुपर्‍यो । पारदर्शिता हुनुपर्‍यो । प्रविधिको पनि प्रयोग हुनुपर्‍यो, त्यो भनेको सेन्सर, जिपिएस हुनुपर्‍यो । तर, परम्परागत रूपमा मात्र काम भएको छ । व्यापारमा उदारीकरण गरेपछि सहजीकरणका लागि गर्नुपर्ने काम गर्न सकेनौं, गरेनौं । कनेक्टिभिटी, व्यापार सहजीकरणमा केन्द्रित हुनुपर्नेमा गरेनौं ।

अर्को, व्यापारको कुरा गर्नेबित्तिकै वाणिज्य मन्त्रालयको भूमिका भन्ने बुझिन्छ । अन्य निकाय वाणिज्य मन्त्रालय भनेर पन्छिने गरेका छन् । वाणिज्यले तुलनात्मक लाभका वस्तु बनायो । उदाहरणका लागि अलैंची, चियालाई लाभको वस्तुमा राखिएको छ । तर, त्यहाँसम्म जानलाई बाटो त चाहियो । बाटोको काम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गर्ने हो । पानी लगाउने काम सिँचाइ मन्त्रालयले बन्दोबस्त गरिदिनुपर्‍यो । त्यसै, वस्तुको प्रोसेसिङ गर्नुपर्दा त्यहाँ बिजुली चाहिन्छ । बिजुलीको काम ऊर्जा मन्त्रालयले गरिदिनुपर्‍यो । अन्य प्राविधीक कुरा पनि छन् । किरा लाग्न सक्छ, रोग लाग्छ । मलको समस्या हुन्छ । त्यसको व्यवस्थापन कृषि मन्त्रालयले गरिदिने हो । वाणिज्यले ग्लोबल बजारमा केही समस्या हुँदा सहजीकरण गरिदिने मात्रै हो । तर, यहाँ सोचाइदेखि सबै काम वाणिज्य मन्त्रालयले नै गरिदिने भन्ने छ । तसर्थ, मन्त्रालयबीच समन्वयकारी भूमिका हुनुपर्छ । त्यो भूमिका नहुँदा हामी फेल भएका छौं । फलस्वरूप व्यापार घाटा बढिरहेको छ । हामीले सोचेअनुसार घाटा घटाउन सकेका छैनौं ।

ज्ञानमा केन्द्रित अर्थव्यवस्था र व्यापार कूटनीति

अब के गर्नुपर्छ त ? हामीले के गर्न सक्छौं ? विश्वव्यापी परिप्रेक्ष्यमा व्यापारको ट्रेन्ड कस्तो छ, कतातिर गएको छ, त्यतातिर हेर्नुपर्छ । विगतका व्यापारलाई आर्थिक वृद्धिमा महत्वपूर्ण मान्ने गरिन्थ्यो । अहिले पनि आर्थिक वृद्धि, गरिबी निवारणका लागि हो । तर, कुल उत्पादनमा यसको योगदान घट्दै गएको छ । सम्भाव्यता हो, तर योगदान विस्तारै घट्दै गएको छ । कुल व्यापारमा सेवाको विस्तार बढ्दै गएको छ । योगदान बढ्दै गएको छ । अन्य वस्तुको व्यापार कहिले बढ्ने, कहिले घट्ने भयो । तर, सेवाको हकमा एकदमै बढिरहेको छ ।

अन्तर्राष्ट्रिय व्यापारमा गैरकर, अवरोध भइराखेको छ । डब्लुटिओ स्थापना भएपछि ६/७ प्रतिशत थियो । अहिले ३ प्रतिशत छ । तर, औसत ग्लोबल गैरकर १.५ प्रतिशत छ । एकातिर सेनिटरी फाइटो सेनिटरीको कुराबाट पनि होला, टेक्निक स्ट्यान्डर्डको कुराबाट पनि होला । त्यस्तै पर्‍यो भने एन्टी डम्पिङ ड्युटी लगाएर पनि होला । त्यसरी अवरोध सिर्जना भएको ट्रेन्ड हामी देख्छौं । त्यसपछि अर्को फ्याक्टर भनेको १५ वर्षलाई हेर्ने हो भने ग्लोबल ट्रेन्डलाई कसले डाइभर्ट गरेको छ ? नर्थ, साउथभन्दा पनि साउथ-साउथ मुलुकले ड्राइभ गरिरहेका छन् । साउथ-साउथको व्यापार वृद्धि अन्यको भन्दा धेरै विस्तार भएको छ । त्यसले गर्दा ग्लोबल ट्रेडमा साउथ-साउथ ट्रेडको महत्व बढेको छ । अर्को ट्रेन्ड के छ भने इन्टरमेडियट गुड अथवा ट्रेन्ड एन्ड टास्क भएको छ । अब ट्रेड भनेको धेरै फाइनल गुडमा भन्दा पनि इन्टरमेडियटमा भएको छ । अर्थात्, भ्यालु चेनमा पार्टिसिपेट गरेको छ । कुल व्यापारमा ग्लोबल्ली हेर्ने हो भने पनि ५० प्रतिशतभन्दा बढी इन्टरमेडियटको ट्रेन्ड हामीले देखिरहेका छौं । यदि हामीले ट्रेड बढाउने हो भने फाइनल प्रोडक्टमा भन्दा भ्यालु चेनमा जानुपर्‍यो । ग्लोबल भ्यालु चेनमा जाँदा रिजनल भ्यालु चेनलाई महत्व दिनुपर्‍यो । नेपालमा दोस्रो चरणका सुधार अथवा एजेन्डाको कुरा गर्ने हो भने यी कुरामा ध्यान दिनुपर्‍यो । परम्परागत रूपमा ९० दशकअनुसार नीति बनाउने होइन । इमर्जिन ट्रेन्डलाई हामीले ध्यान दिनुपर्‍यो । इमर्जिन ट्रेन्ड भनेको के हो त ? अब हामीले गुड्समा मात्रै होइन, सर्भिसमा पनि ध्यान दिनुपर्‍यो । फाइनल प्रोडक्टमा मात्रै होइन कि अब हामीले इन्टमेडियट टास्कको कुरा गर्नुपर्‍यो । विकासशील मुलुकको बजार पनि त्यत्तिकै महत्वपूर्ण हुन थालेको छ । अब अहिलेको व्यापारको फोकस भनेको ग्रिन प्रोसेर प्रोडक्ट वा ग्रिन प्रोडक्टमा हुनुपर्‍यो । अब यसको महत्व बढेको छ । भनेपछि अब हामीले ग्रिनलाई हेर्नुपर्‍यो । सेवालाई हेर्नुपर्‍यो । भ्यालु एडिसनलाई हेर्नुपर्‍यो । विकासशील मुलुकको बजारलाई हेर्नुपर्‍यो । नीति त्यतातिर केन्द्रित गनुपर्‍यो । हामीले चौथो औद्योगिक क्रान्तिका कुरा पनि गर्छौं । यसले पनि महत्वपूर्ण प्रभाव पारेको छ । उत्पादनलाई महत्वपूर्ण बनाएको छ । रोबर्ट, फाइभजी, ई-कमर्स, डिजिटल पेमेन्टका कुरा पनि छन् । यिनलाई विचार गरेर हाम्रो नीति अगाडि बढ्नुपर्छ । दोस्रो चरणको कुरा गर्दा अब हामी के

गर्न सक्छौ त ? एउटा लेबल र भ्यालु चेनमा कसरी जान सक्छौ भन्न हेरौं । समाजवादी अर्थतन्त्रमा कम्युनिस्ट कुरा आएका छन्, अब हामी ज्ञान अर्थव्यवस्थामा केन्द्रित हुनुपर्छ । युवा पुस्ता धेरै छन् । १२ कक्षा पढ्ने धेरै छन् । यिनको ज्ञान इकोनोमीकै कम्पोनेन्टमा हामी लिएर जान सक्छौं । १२ कक्षा पास गरेकालाई तीन महिनाको तालिम दिने भनेको फोनको एसेम्बलमा सजिलै जान सक्छन् । यसका लागि चाहिने टेक्नोलोजीको सरकारले विकास गर्नुपर्छ । तसर्थ, अब हाम्रो ध्यान ज्ञानमा केन्द्रित अर्थव्यवस्थामा हुनुपर्छ । त्यसका लागि प्रविधिको प्रचार गर्नुपर्छ ।अर्को, निर्यातमा हाम्रो अर्थतन्त्र प्रतिस्पर्धात्मक गर्नुपर्नेमा भारतसँग देखिएन ।


हामीले भारतलाई प्राथमिकता दिइराखेका छौं ।उदाहरणका लागि सन् २००० मा कुनै 'एरो' को सर्ट चाहियो । त्यही भारतमा पनि पाइन्थ्यो । बैंककमा पनि पाइन्थ्यो । भारतमा १५ सय पर्थ्यो । बैंककमा ३० डलर पर्थ्यो । त्यतिबेला एक्सचेन्ज रेट डलरको ६० को हाराहारी थियो । १५ सय भारु पर्ने भनेको २५ सय पर्‍यो । त्यही बैंककमा किने भने १८ सयमा पर्थ्यो । त्यो भनेको ७ सय रुपैयाँ सस्तो हुँदा बैंककमा किनेर ल्याउँथे । तर, आजको मितिमा मूल्य त्यही छ भने भारतमा गएर किन्दा २५ सय रुपैयाँ पर्छ भने बैंकक गएर किन्दा ३६ सय पर्छ । यसको मतलव हामीले नीतिमा केही परिवर्तन गरेका छैनौं ।

पहिला भारतबाट आयात ३० प्रतिशत मात्रै हुन्थ्यो । बाँकी तेस्रो मुलुकबाट आयात हुन्थ्यो । अहिले एक्सचेन्ज रेटमार्फत भारतलाई बढी प्राथमिकता दिएका छौं । यसले भारतसँगको प्रतिस्पर्धामै असर गरिदिएको छ । एकातिर निर्यात गर्न नसक्ने, अर्कोतर्फ भएको उद्योग पनि प्रतिस्पर्धा गर्न नसक्ने देखिएको छ । नेपाल र भारतको मूल्यवृद्धि दर हेर्दा भारतको भन्दा नेपालको सधैं बढी छ । इकोनोमिक मोडलले त्यही देखाएको छ । विगतमा हामीले भारतमा निर्यात गर्ने कुरामा पहिलो १ सय रुपैयाँमा गर्थ्यौं, भारतले उत्पादन गर्दा १ सय २० पर्थ्यो । त्यही भएर हामी प्रतिस्पर्धी थियौं । अब मूल्यवृद्धि यसरी बढ्यो, भारतको १ सय ५० मा पुग्यो । हामीले गर्दा १ सय ८० रुपैयाँ पुग्यो । त्यसले यहाँ भएको उद्योगले पनि प्रतिस्पर्धा गर्न नसकेर मरिरहेका छन् । आयात बढिरहेको छ । अर्को निर्यातमा प्रतिस्प्रर्धा गर्न सकेका छैनौं । त्यसलाई समीक्षा गर्नुपर्‍यो । यदि निर्यातमा जाने हो भने ज्ञानमा आधारित अर्थव्यवस्थामा जोड दिनुपर्छ । प्राकृतिक आधारमा सेवालाई प्रोत्साहन गर्नुपर्‍यो । आयातलाई निरुत्साहित गर्ने वस्तु के, के छन्, तिनलाई पनि प्रोत्साहन गर्नुपर्‍यो । हामीले सहयोग गर्न सक्छौं । सेवालाई पनि हामीले विस्तार गर्दै लैजानुपर्छ । वस्तुको प्रि-प्रोडक्सन, पोस्ट प्रोडक्सनमा ज्ञानमा आधारित अर्थव्यवस्था र प्रविधि प्रयोग गर्नसके फलदायी हुन्छ । गार्मेट नै किन डिजाइन नगर्ने ? विज्ञापन, ब्रान्डतर्फ पनि जानुपर्छ । त्यसका लागि नयाँ प्रविधिको पनि ज?रत हुन्छ । फाइनल प्रोडक्टमा पनि भ्यालु चेनमा सहभागिता जनाउनुपर्छ । भारतमा धेरै सवारीसाधन बनेका छन् । दुई र चारपांग्रे सवारीसाधनका लागि नेपालले टायर मात्रै बनाउन सके पुग्छ । बजार कहाँ छ, त्यसलाई खोजेर भ्यालु चेन गर्नुपर्‍यो । अहिले बंगलादेशले निर्यातको कुरा गरिरहेको छ । गार्मेन्टको निर्यात ३२ विलियन पुर्‍याएको छ । चीनपछिको दोस्रो बंगलादेश नै भएको छ । त्यसका लागि पनि हामीले टाँक मात्रै बनाउन सके पुग्छ । अहिले हामीले धागो निर्यात गरिरहेका छौं । नेपालले उत्पादन गरेको धागो टर्कीसम्म पुगेको छ । बंगलादेशमा किन सकेनौं, त्यता पनि वार्ता गर्नुपर्छ । अर्को, निर्यात बढाउने हो भने विदेशी लगानी (एफडीआई) बढाउनुपर्छ । विगत १० वर्षको हेर्दा हाम्रो जीडीपीको करिब ०.२ प्रतिशत मात्रै एफडीआई भित्रिएको छ । आयात , निर्यातमा एफडीआईको सकारात्मक भूमिका हुन्छ । त्यसैले निर्यात बढाउन पनि एफडीआई बढाउनुपर्छ । नेपालको जुस निर्यात गर्ने हैसियत होइन । तर, अर्बौं ?पैयाँको जुस निर्यात भएको छ । विगतमा टुथपेस्ट पनि निर्यात भएको थियो । त्यो हिन्दुस्तान लिभर आएर निर्यात भएको हो । वैदेशिक लगानी नेपालमा आयो, नेपालमा उत्पादन भयो र यहाँको वस्तु निर्यात भयो । डाबरको जुसको पनि त्यही हो । हाम्रो सबै भारत जान्छ । त्यसको मतलव एफडीआईले बजार निर्धारण गर्छ । एफडीआईले बजार खोज्छ । त्यसैले एफडीआई भित्र्याउन प्रोत्साहन गर्नुपर्छ । त्यसपछि पूर्वाधार, कनेक्टिभिटी, ट्रेड लजिस्टिकलाई विकास, व्यापारमा सहजीकरण गर्नुपर्‍यो । अब त्यता केन्द्रित हुनुपर्छ । सरकारी निकायबीच हुने समन्वयलाई महत्व दिनुपर्छ । त्यसलाई सम्बोधन गर्नुपर्‍यो । वाणिज्य मन्त्रालयले राखेका कार्यक्रममा सबै निकायले आफ्नो भूमिका निर्वाह गर्नुपर्‍यो । अनि मात्रै निर्यात बढ्छ । अर्को, व्यापार कूटनीति पनि भएन । अहिले भारतमा चिया जान सकेन । के कारणले जान सकेन ? वाणिज्यलाई पनि थाहा छैन । तालुक वाणिज्य मन्त्रालयले थाहा हुनुपर्छ । त्यही भएर व्यापार कूटनीतिलाई पनि विचार गर्नुपर्छ । अब नेपाल अति कम विकसित मुलुकको सूचीबाट विकासशीलमा स्तरोन्नति हुँदै छ । नीतिको कुरा पनि आउँछ । अब अन्तर्राष्ट्रिय व्यापारिक साझेदारसँग के गर्ने भन्नेमा रणनीति बनाउन केन्द्रित हुनुपर्छ । त्यो गर्न सके आजको भोलि होइन, अबको ५/७ वर्षमा व्यापार घाटा कम गर्न सकिन्छ । तर, यसरी नै जाने हो भने योसम्बन्धी नीति आएन भने अबको २४ देखि ३० महिनामा आन्तरिक संकट भोग्नुपर्ने हुन्छ ।

लेखक पाण्डे सावतीका अध्यक्ष हुन्

(साभार : अर्थनीति, सेजन स्मारिका २०७८)

> **"२००४ मा डब्लुटिओ सदस्य भयौं । अर्थतन्त्रलाई हामीले उदारीकरण गर्‍यौं । ग्लोबल रूपमा सदस्य पनि बन्यौं । तर, हामी किन व्यापार घाटामा गयौं त ? हाम्रो निर्यात किन बढ्न सकेन ? आयात मात्रै किन बढ्यो ? प्रश्न उब्जेको छ । अहिले जति नीति छन्, उदारवादसँग सम्बन्धित नीति कार्यान्वयन सजिलो छैन । सिंहदरबारमा बसेर हस्ताक्षर गर्न सजिलो छ । तर, व्यवहारमा/कार्यान्वयन गर्न जटिल छ । नीतिमा मात्रै सुधार होइन, भौतिक पूर्वाधारमा पनि सुधार आवश्यक छ ।**



पूर्वी धनुषाको कमला नगरपालिका (५, टरियास्थित खेतमा आधुनिक प्रविधिको प्रयोग गरी धान झार्दै किसान ।

तस्विरः मनोजकुमार मोरबैता/रासस

# कृषि अर्थतन्त्रको विकासमा ज्यापु समुदायको भूमिका महत्वपूर्ण : प्रधानमन्त्री देउवा



काठमाडौँ, २२ मङ्सिर

प्रधानमन्त्री शेरबहादुर देउवाले मेहनती र इमान्दार समुदायका रूपमा परिचित ज्यापु समुदाय नेपाली समाज र संस्कृतिको अभिन्न अङ्ग रहेको बताए । उन्नाइसौं राष्ट्रिय ज्यापु दिवस, २०७९ का अवसरमा ज्यापु संस्कृति विकास कोषले विहिवार वसन्तपुर डबलीमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले काठमाडौँ उपत्यकाको कला, संस्कृति र सभ्यताको विकासमा ज्यापू समुदायको उल्लेख्य योगदान रहेको बताए । ज्यापु समुदायका जात्रा पर्व, सांस्कृतिक गतिविधि र कला कौशल नेपालका अमूल्य निधि हुन्, ज्यापु समुदायका धार्मिक, सांस्कृतिक परम्परा, कलाकृति, सीप र रहनसहनको संरक्षण गर्नु हाम्रो साझा दायित्व हो, उनले भने , यस्ता महत्वपूर्ण संस्कृति र सभ्यतालाई संरक्षण गरी जीवन्त राख्नु र विलीन हुनबाट जोगाउनु हामी सबैको कर्तव्य हो । ज्यापु समाजले नेवार समुदायभित्र आफ्नो मौलिक कला, संस्कृति र सीपका कारण विशिष्ट स्थान बनाएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले कृषि अर्थतन्त्रको विकासमा पनि ज्यापु समुदायको महत्वपूर्ण भूमिका रहँदै आएको स्मरण गरे । नेपालका विभिन्न समुदायमध्ये ज्यापु समुदाय आफ्नै मौलिक र विशिष्ट परम्परा, भाषा, संस्कृति र पहिचान बोकेका समुदायका रूपमा रहेको उनको भनाइ छ । राष्ट्रिय ज्यापु दिवसका माध्यमबाट मुलुकको आर्थिक तथा सामाजिक विकासमा ज्यापु समुदायले पुऱ्याउँदै आएको योगदानलाई सबैसमक्ष उजागर गर्न, उनीहरूको संस्कृति, परम्परा र रहनसहनलाई संरक्षण र प्रवर्द्धन गर्न मद्दत पुग्ने विश्वास लिएको छु, उनले भने । दिवसले काठमाडौँ उपत्यकाभित्र र बाहिर रहेका ज्यापु समुदाय तथा विभिन्न धर्म, संस्कृति, समुदाय र क्षेत्रसँग आबद्ध नागरिकबीच आपसी एकता, मेलमिलाप, सद्भाव र सहिष्णुता सुदृढ बनाउन पनि सहयोग पुग्ने प्रधानमन्त्री देउवाले विश्वास व्यक्त गरे । काठमाडौँ उपत्यकाभित्रका ज्यापु समुदायले न्यूनतम आर्थिक, भौतिक सुविधाका बीचमा पनि आफ्नो मौलिक परम्परागत संस्कृतिलाई जीवन्त राख्न गर्दै आएको प्रयास सरहानीय रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले नेपाल सरकारले ज्यापु समुदायको संस्कृति र परम्पराको संरक्षणका लागि ज्यापु संस्कृति विकास कोष स्थापना गर्न सहयोग गरेको बताए । सो कोषबाट प्रत्येक वर्ष राष्ट्रिय ज्यापु दिवस मनाउनेलगायतका ज्यापु समुदायको संस्कृति र सभ्यतालाई संरक्षण तथा प्रवर्द्धन गर्ने दिशामा विभिन्न प्रशंसनीय कार्यक्रम सञ्चालन हुँदै आएका छन् । सीमित साधन, स्रोतका बाबजुद कोषले ज्यापु संस्कृतिको संरक्षण र संवर्द्धनका लागि निर्वाह गर्दै आएको भूमिकाको उनले प्रशंसा गरे । आगामी दिनमा ज्यापु समुदायको संस्कृति र सभ्यताको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक सहयोग गर्न सरकार सकरात्मक रहेको उनको भनाइ छ । प्रधानमन्त्री देउवाले यस दिवसले नयाँ जोश र उत्साहका साथ ज्यापु समुदायलाई मुलुकको विकास र समृद्धिको यात्रामा अन्य समुदायसँग सहकार्य गर्दै अघि बढ्न तथा मुलुकमा राष्ट्रिय एकताको भावनालाई थप सुदृढ तुल्याउन सबैलाई प्रेरणा प्रदान गरोस् भनी कामनासमेत गरे । संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री जीवनराम श्रेष्ठले नेपालको कला, संस्कृतिको विकास, सम्पदाको संरक्षणका लागि सरकारले अगाडि बढाएको कामलाई जनस्तरबाट सहयोग गर्नुपर्ने बताए । उपत्यकाको संस्कृति र सम्पदाको संरक्षण तथा यहाँको सभ्यतालाई विश्वमाझ चिनाउने विषयलाई सँगसँगै अगाडि बढाइनुपर्ने बताए । नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले पुर्खाले स्थापित गरेका मौलिक संस्कृतिलाई जोगाउन सबैले ध्यान दिनुपर्ने बताए । नेपाल भाषा, कला र संस्कृतिको संरक्षण गर्दै यसलाई जीवन्त बनाउन जनप्रतिनिधिका रुपमा आफूले निरन्तर काम गर्ने उहाँले प्रतिबद्धता व्यक्त गरे । काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले स्थानीय कला, संस्कृतिको संरक्षणमा महानगरले सहयोग गर्दै आएको बताए । ज्यापु दिवस समारोहका संयोजक पञ्चनारायण महर्जनले राज्यस्तरबाट संस्कृतिको संरक्षण र संवर्द्धन हुनुपर्ने बताए । युवाका अधिक सहभागितामा पुस्तान्तरण भएका यी कला, संस्कृति पछिल्ला समय अन्तर ाष्ट्रियस्तरमा पनि व्यापक बन्दै गएको उहाँको भनाइ छ । कोषका अध्यक्ष मङ्गलकृष्ण महर्जनले परम्परागत मौलिक पर्वलाई नेवार समुदायले अक्ष्युण राख्दै आएको बताए । रासस

# जडीबुटीको व्यापारबाट चलेको जीविका



कञ्चनपुर, २२ मङ्सिर

कालीकोटको थिप्पु गाउँपालिका-१ घोचापावाडाका ५५ वर्षीय राजबहादुर रोकाया काँधमा जडीबुटी राखिएको झोला बोक्दै कञ्चनपुरका गाउँ सहर चहार्दै हिँडछन । झोला बोकेर हिँडनु उनका लागि रहर नभएर बाध्यता छ । पाँच जनाको परिवारको खर्च धान्नका लागि तीन वर्षदेखि उहाँले जडीबुटी बेच्ने कार्यमा संलग्न रहँदै आउनुभएको छ । हिमाली जिल्लाबाट जडीबुटी खरिद गरेर ल्याएर पहिला भारतमा बेच्थे, उनले भने , कोरोना महामारी फैलिएपछि दुई वर्ष जति भयो, भारतमा जस्तै यहाँ जडीबुटीको व्यापारमा लागेको छु । भारतमा हुँदा उनले दैनिक दुई हजार भारतीय रुपैयाँ जतिको कमाइ गर्थे । भारतमा कोरोना महामारी फैलिएपछि घर फर्केपछि उहाँको कमाइ घटेको छ । दैनिक उहाँले हाल रु पाँच सयदेखि रु एक हजारसम्म मात्रै कमाइ गर्दै आएका छन । व्यापारमा कमाइको कुनै ग्यारेण्टी हुँदैन, उनी भन्छन , व्यापार भनेको जुवाजस्तै हो, नसिव भए कमाइ हुन्छ, नभए हुँदैन, कुनै दिन धेरै हुन्छ, कुनै दिन केही पनि हुँदैन । आज कमाइ भएन भनेर मन मार्नु हुँदैन, ग्राहकलाई आफूले ल्याएको जडीबुटीबारे जानकारी दिन सके, मन जित्न सके व्यापार नहुने कुरै छैन, त्यसका लागि धैर्य गर्नुपर्ने उनी बताउछन ।जुम्लाबाट उनले तितो, कटुको, गदानो, पदमचाल, हिंग, सिलाजित, कालो नुन, सतुवा र जडीबुटी तेल ल्याएर रोकायाले बेच्दै आएका छन । जडीबुटीकै व्यापारबाट पाँच छोरा, दुई छोरीको घरको पूरै खर्च व्यहोर्दै आएको उनी बताउछन । जडीबुटीकै व्यापारबाट दुई जना छोरालालाई पढाउँदै छु, उनले भने , दुई जना प्रहरीमा भर्ती भएर जागीरमा लागेका छन्, एक जनाले कपडाको व्यापार गर्छन्, छोरीको पढाइ खर्च जडीबुटीकै कमाइबाट पूर्ति भइरहेको छ ।

बूढेसकालले छोप्नै लागे पनि घर बसेर हुँदैन, परिवार पाल्न व्यापारमा संलग्न भएको छु, दैनिक कैलाली र कञ्चनपुरका गाउँ र सहरमा डुलेर जडीबुटी बेच्छु, यसबाटै गुजारा चलेको छ, उनले भने , पहाडमा रहेको घर, जमिन भल पहिराले लियो, भारतमा कमाएको केही पैसा जोडेको थिए, त्यसबाट कैलालीको घोडाघोडी नगरपालिकाको गाउँमा घरबासका लागि जग्गा किनेर परिवार राख्नेसम्मको व्यवस्था मिलाएको छु । घर खर्चका लागि प्रहरीमा रहेका र व्यापारमा संलग्न छोराहरूले सहयोग गर्दै आएको उनको भनाइ रहेको छ । उनी भन्छन , जितना लुगुरा उतना जाडो, नहि लुगुरा नहि जाडो अर्थात् जति पैसा भए पनि पुग्दैन, थोरै पैसा भए पनि त्यसमै सन्तोष छ । भारत अर्काको देश हो, त्यहाँ डराएर व्यापार गर्नु पर्दथ्र्यो, उनले कुरा अगाडि बढाउँदै भने , यहाँ व्यापार गर्न डराउनु पर्दैन, भाषाको समस्या छैन, सबैले भनेको कुरा बुझ्छन्, कोही कोही जडीबुटी बेच्छौं, लाइसेन्स छ भनेर हप्काउने पनि भेटिन्छन तर त्यस्ताको वास्ता गर्दैनौं, आफ्नै तरिकाले व्यापार गर्छौं । राजबहादुर जस्तै बाजुरा स्वामिकार्ति गाउँका मनविरे लुहार पनि जडीबुटीको व्यापारमा संलग्न छन । पहिला मनविरेले भारतमा काम गर्थे ।

भारतमा कोरोनाको सङ्क्रमणका कारण लकडाउन भएपछि स्वदेश फर्के । त्यसपछि भारततर्फ जान सकेका छैनन् । उहाँले रोकायाजस्तै गनानो, कटुको, चिराइतो, मालिस तेल, सिलाजित, हिमाली घोडामाच्यो, जम्बु, यार्सागुम्बा बेच्दै आएका छन् । केही जडीबुटी हिमाली जिल्लामा आफैँ गएर खोजेर ल्याउँछु, उनले भने , केही जडीबुटी घरेलु उद्योगबाट किनेर बेच्छु, यसबाटै परिवारको खर्च चलेको छ । भारतमा जडीबुटी यसैगरी बेच्दा रु तीस हजार जति महिनाको कमाइ हुने गरेको थियो । यहाँ जडीबुटीको व्यापारबाट मासिकरुपमा रु २५ हजार जति कमाइ हुने गरेको छ । दुई छोरा, दुई बुहारी, तीन नातिनातिना, तीन छोरी र बूढाबूढीको लत्ताकपडा, खाना खर्च यसै व्यापारबाट चलेको उनी निर्धक्कसँग बताउछन । दुवै छोरालाई १२ कक्षासम्म पढाए रोजगार मिलेन, उनले भने , छोराहरूले मैलेजस्तै कम्बललगायतका न्यानो कपडा बजार बजार घुमेर बेच्ने गरेका छन्, त्यसबाट केही कमाइ हुन्छ, परिवार चलाउन त्यै भएर सहज भएको छ । जडीबुटीकै व्यापारबाट लुहारले कैलालीको बर्दगोरिया गाउँपालिकामा डेढ कट्टा जग्गा जोडेका छन् । उनी भन्छन , पहाडमा जीवन चलाउन निकै कठिन छ, सहज जीवनयापनको खोजीमा व्यापारमा संलग्न भएका छौँ, घडेरी जोडेर झोपडी बनाई परिवार यहाँ ल्याएर राखेका छौँ । तीन दशकदेखि जडीबुटीकै व्यापारमा संलग्न कालीकोटको पलाँटा गाउँपालिका-३ लार्पाका हरिबहादुर रोकायाले महिनाको रु २५ हजार कमाइ गर्छन् । यसबाटै उनको परिवारको खर्च चलेको छ । उमेर ढल्कदै जान थाले पनि यस व्यापारबाटै जीविका चल्दै आएकाले छोड्न सकेको छैन, उनले भने । पहाडी जिल्लाबाट जडीबुटी बोकेर तराईका जिल्ला पुगेर व्यापार गर्नेको सङ्ख्या निकै रहेको छ । हिउँदका बेला पहाडी क्षेत्रबाट आउने व्यापारीमध्ये केहीले जडीबुटी र केहीले कम्बल, राडी, पाखी, स्वेटरलगायतका न्यानो कपडाको व्यापार गर्छन् ।हिउँदको कात्तिक महिना तराई पुग्ने व्यापारीले वैशाख महिना सुरु हुनै लाग्दा आम्दानी गरेको पैसा बोकेर पहाडतर्फ फर्कने गरेका छन् । गतिलो कमाइ गर्नेले तराईमै घरघडेरी जोडेर तराईमै बस्नसमेत थालेका छन् । पहाडबाट तराई झरेर व्यापार गर्ने कार्य दशकौंदेखि चल्दै आएको छ । बूढापाकाले परम्परागतरुपमा गर्दै आएको व्यापारको कार्यलाई थाति राखे पनि युवाले भने पिठ्युमा भारी बोकेर गाउँ सहर चहार्दै गर्दै आएको व्यापार गर्न नरुचाउने गरेका छन् । युवा अरु व्यापार र सरकारी नोकरीमा आकर्षित भएका छन् ।रासस

# डिपोको ल्याब रिपोर्ट आएको चार महिना भयो, तर रिफिल भएन




तुलसीपुर, २२ मङ्सिर

दाङका टरिगाउँ विमानस्थलस्थित डिपोमा इन्धन भरेको छ महिना भइसकेको छ तर पनि जहाजमा इन्धन ‘रिफिल’ भने हुन सकेको छैन । नेपाल आयल निगम इन्धन डिपो तुलसीपुरका निमित्त प्रमुख नेत्रबहादुर भण्डारीका अनुसार डिपो निर्माण भएपछि ल्याब परीक्षणका लागि भारत पठाइएको थियो । भारतबाट पनि ल्याब रिपोर्ट आएको चार महिना भइसकेको छ । त्यस्तै मङ्गलबार मात्रै निगमको केन्द्रीय प्रयोगशालाले पनि परीक्षण गर्दा इन्धन ‘रिफिल’ गर्न योग्य रहेको प्रमाणित भइसकेको छ । रिफल गर्न योग्य भएको कुरा एक हप्ता अघि नै नेपाल वायुसेवा निगमलाई जानकारी पनि गराइएको छ तर, पनि जहाजमा ‘रिफिल’ गर्न सकिएको छैन । नेपाल वायु सेवा निगम दाङका स्टेशन म्यानेजर महेन्द्र शर्माका अनुसार निगमका दुई वटा जहाज एकैपटक ‘ ग्राउन्डेड’ हुँदा हवाई सेवा नियमित भएको छैन । मङ्सिर महिनामा १७ गते शनिबार मात्रै हवाई उडान भयो । त्यस अघि र त्यस पछि जहाज नै आएको छैन । शनिबार आउँदा ‘डकुमेन्ट’का कुराहरु नमिल्दा रिफिल गर्न नसकिएको उनले बताए । उनका अनुसार अबको केही दिनमा नियमित हवाई सेवा सूचारु हुने र रिफिलको काम हुनेछ । उक्त डिपोमा ३० हजार लिटर र बाउजरमा १२ हजार लिटर इन्धन स्टोर गर्न सकिन्छ । एयरपोर्टबाटै इन्धन रिफिल गर्न थालेपछि यहाँको हवाई सेवा प्रभावकारी हुनेछ । यसअघि काठमाडौँबाटै इन्धन ल्याएर आउनुपर्ने अवस्था थियो । त्यसले गर्दा केही सिट काठमाडौँबाट खाली ल्याउनुपर्ने अवस्था थियो । त्यसले पनि हवाई भाडा महँगो हुँदै आएको थियो । अहिले एयरपोर्टमा १९ सिटे टुइनेटर मात्रै बस्ने गरेको छ । एयरपोर्टको धावनमार्ग सात सय ५० मिटर मात्रै रहँदा ठूला जहाज बस्न सकेका छैनन् । जसले गर्दा महँगो भाडा तिर्न यात्रु बाध्य छन् । अहिले दाङ-काठमाडौँ हवाई भाडा न्यूनतम रु आठ हजार आठ सय १० छ भने अधिकतम रु १२ हजार छ सय ६५ रहेको छ । काठमाडौँभन्दा दाङ आउँदा भने त्यसको रु दुई सय बढी हुन्छ । काठमाडौँमा यात्रु सेवाबापत पाँच सय रहेको, दाङमा तीन सय रहेकाले काठमाडौँबाट दाङ आउँदा रु दुई सय बढी लाग्ने गर्छ ।रासस

# कञ्चनपुरमा जंगली हात्तीको आक्रमण बढ्यो

दोधारा चाँदनी, २२ मङ्सिर

कञ्चनपुरमा पछिल्ला केही वर्षयता जङ्गली हात्तीको आक्रमण बढ्दो छ । बर्सेनि जङ्गली हात्तीको आक्रमणबाट मानिसको ज्यान जानुका साथै अन्नबाली र घरखेतमा समेत नोक्सानी पुग्ने गरेको छ । जङ्गल नजिकै मावन बस्ती भएकाले हरेक वर्ष हात्तीको आक्रमणबाट मानवीय क्षति हुने गरेको छ । मङ्गलबार साँझ बेदकोट नगरपालिका-१ स्थित हात्तीथलाका हीरादेवी धानुकको हात्तीको आक्रमणमा परी मृत्यु भयो । घर नजिकैको सामुदायिक वनमा दाउरा लिन गएका बेला उनीमाथि हात्तीले आक्रमण गरेको हो । गत भदौमा पनि शुक्लाफाँटा नगरपालिका-७ की २२ वर्षीया मीना जोशीको खेतमा काम गरिरहेका बेला हात्तीको आक्रमणबाट मृत्यु भएको थियो । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको तथ्याङ्कानुसार जङ्गली हात्तीको आक्रमणबाट तीन वर्षको अवधिमा सात जनाले ज्यान गुमाएका छन् । निकुञ्ज कार्यालयका अनुसार विसं २०७७ मा दोधारा चाँदनी नगरपालिका-२ स्थित मायापुरी मध्यवर्ती सामुदायिक वनमा घाँस काट्न गएका दुई महिलाको हात्तीको आक्रमणबाट मृत्यु भयो । त्यसैगरी विसं २०७८ मा शुक्लफाँटा-१ बन्साहका एक पुरुष र एक महिलाको हात्तीको आक्रमणबाटै मृत्यु भयो । त्यसैगरी लालझाडी गाउँपालिका चान्देउका एक पुरुषको पनि हात्ती आक्रमणमा परी मृत्यु भयो । यस वर्ष पनि कञ्चनपुरमा हात्तीको आक्रमणबाट दुई जनाको मृत्यु भइसकेको छ भने एक घाइते भएका छन् । हात्तीको आक्रमणबाट मानिसमात्रै होइन, किसानको अन्नबाली र घरमा समेत क्षति हुने गरेको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै भारतसँग जोडिएको दुधुवा नेशनल पार्कबाट आउने हात्तीले यहाँ क्षति गर्ने गरेको निकुञ्ज कार्यालयले जनाएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत किशोर कुमार मेहताले पछिल्लो १० वर्षयता कञ्चनपुरमा हात्तीको आक्रमण बढ्न थालेको बताए । उनले हात्तीको बासस्थान साँघुरिँदै गएको र हात्ती हिँड्ने बाटोमा बस्ती बनेपछि हात्तीको आक्रमण बढ्न थालेको बताए । हात्ती हिँड्ने करिडोरमा बस्ती बसेको बासस्थान साँघुरिँदै गएको छ, उनले भने , हात्ती एकै ठाउँमा बस्दैन घुमफिर गरिरहने भएकाले उसको हिँड्ने बाटोमा आक्रमण गर्ने गरेको छ । उनले हात्ती एकै रातमा पाँच-सात किलोमिटरसम्म हिँड्ने गरेको बताए । हाम्रो यहाँ वनजङ्गल कम छ, हात्ती भारतको दुधुवा राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्जसम्म पुग्छन्, त्यो बीचमा धेरै बस्ती छन्, उनले भने , मानिसले पनि सावधानी नअपनाउँदा क्षति हुने गरेको छ । रासस

# मैत्रीपुर्ण क्रिकेटमा सप्तरी विजयी

मधेशदृष्टि
सप्तरी,२२ मंसिर ।
बाललविवाह अन्त्यको लागि मर्यादित महिनावारी नाराका साथ महिनावारी स्वच्छता दिवसको अवसरमा किशोरी समूहबीच मैत्रीपुर्ण क्रिकेट खेलमा सप्तरी विजयी भएका छन् । राजविराज स्थित पविमावि खेलमैदानमा सप्तरी र सिरहाका किसोरी समुह टिम बिच भएको मैत्रीपुर्णमा क्रिकेट खेलमा सप्तरीले सिरहालाई ७ विकेटले पराजित गर्दै जित हात पारेको हो। टस जितेर ब्याटिङ थालेको सिरहाले निर्धारित २० ओभरको खेलमा १८ ओभर ८ बल खेल्दै १ सय रन बनाए । जसमा चन्द्रिका साह २१ शोभा शर्माले १२ रन बनाए भने ४६ रन अतिरिक्तको रूपमा पाएका थिए। बलिङ तर्फ सप्तरीका साक्षी यादव सर्वाधिक ३ बिकेट, अन्जु कुमारी प्रमाणीले २ बिकेट र संगिता कुमारी यादव, राधा कुमारी यादव, दिपिका सिंहले समान १/१ विकेट हात पारे ।जवाफमा सप्तरीले १६ ओभर ५ बलमा ३ विकेट गुमाएर जित हाँसिल गरे । जसमा सरस्वती कुमारी यादवले सर्वाधिक १७ रन, साक्षी कुमारी यादवले १२ जोडेका थिए भने अन्जु कुमारी प्रमाणी अबिजित ८ रन तथा संगिता कुमारी यादवले अविजित ६ रन बनाए ।बलिङ तर्फ सिरहाका चन्द्रिका साह र अजमेरी खातुनले सभान १/१ विकेट लिए ।खेलमा म्यान अफ दि म्याच सप्तरीका साक्षी कुमारी यादव घोषित भएको सबल नेपालका परियोजना संयोजक रोशन मण्डलले बताए ।ग्रामिण भेगका किशोरीहरुमा महिनावारी स्वच्छता सम्बन्धी जनचेतनाको अभाव भएकोले यसवारेमा विभिन्न सन्देश मुलक सामग्रीहरू प्रदर्शन गरी दिवस मनाईएको सबल नेपालले जनाएको छ ।

# मानव अधिकार रक्षकहरुको भूमिकाबारे छलफल

मधेशदृष्टि
सप्तरी, २२ मङ्सिर ।
ज्यान जोखिममा राखेर अधिकारका पक्षमा काम गदै आइरहेका मानव अधिकार रक्षकहरूको भूमिकालाई सबल, उत्तरदायी, संगठित र पारदर्शी बनाउनु पर्नेमा एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।
लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान र मानव अधिकार रक्षक दिवसको अवसरमा बिहीबार राजविराजमा आयोजित कार्यक्रममा वक्ताहरूले मानवअधिकार रक्षकहरूको हक, हित र संरक्षणका लागि उनीहरूको भूमिकालाई उत्तरदायी बनाउनु पर्नेमा जोड दिए ।मानव अधिकारको सम्मानका लागि कानुनी शासन तथा मानव अधिकारमैत्री संस्कृति निर्माण गर्न जरुरी रहेको बताउँदै इन्सेक प्रतिनिधि मनोहर पोखरेलले नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनालाई प्रभावकारी कार्यान्वयन गर्न माग गरे।
मानवअधिकार रक्षकहरूको संरक्षण चुनौतीपूर्ण बन्दै गएको परिप्रेक्ष्यमा प्रदेश तथा स्थानीय तहसम्म संयन्त्र निर्माणका साथै प्रभावकारी अनुगमनको खाँचो रहेको उनले बताए ।
सप्तरी जिल्ला बार एकाईका अध्यक्ष रामप्रसाद चौधरीले जोखिममा रहेका मानव अधिकार रक्षकहरूवाट वा अन्यत्रबाट प्राप्त सुचनाका आधारमा जोखिममा रहेका मानव अधिकार रक्षकहरूको उद्धार, उपचार र पुनर्स्थापनाका लागि आवश्यक सहजिकरण, सहयोग एवं न्यायका लागि सबैतिरबाट पैरवी हुनुपर्ने तर्क राखे । बार एकाईका निवर्तमान अध्यक्ष डोमन साहले मानव अधिकार रक्षकहरूको सुरक्षा, पहिचान र सम्मान तथा जोखिम व्यवस्थापन नीति बनाउनु पर्ने जिकिर गरे ।
नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीले मानव अधिकार रक्षकहरूले उच्च आत्मबलका साथ काम गने वातावरण बनाउनुपर्नेमा जोड दिए ।
सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दासले रक्षकहरूको सुरक्षा, पहिचान र सम्मानलाई अभिवृद्धी गर्नुपर्ने बताए ।

# दुई तिहाइ र बहुमतको कीर्तिमान कांग्रेसका नाममा सीमित

काठमाडौँ, २२ मङ्सिर
बहुदलीय व्यवस्थामा आमनिर्वाचनबाट दलहरुले प्राप्त गर्ने बहुमत नै राजनीतिक स्थिरताको द्योतक मानिन्छ । नेपालको संविधानमा आवधिक निर्वाचनमा दलहरुले प्रतिस्पर्धा गर्ने र एकल वा एकभन्दा बढी दलको बहुमतका आधारमा सरकार गठन गर्ने व्यवस्था छ ।नेपालमा २००७ सालयताको प्रजातान्त्रिक इतिहासमा भएका आवधिक आमनिर्वाचन हेर्दा एउटै दलले त्यो पनि केही निर्वाचनमा मात्र दुई तिहाई र बहुमत प्राप्त गरेको तथ्याङ्क छ । अझ पछिल्लो समयमा मुलुकले अपनाएको राजनीतिक व्यवस्थाअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीमा त कुनै एक दललाई एकल बहुमत प्राप्त गर्न सहज छैन् । विसं २०१५ देखि हालसम्म मुलुकमा आठ आमनिर्वाचन सम्पन्न भएका छन् । ती सबै निर्वाचनमा नेपाली कांग्रेस बाहेक अन्य दलले दुई तिहाइ र बहुमत प्राप्त गर्न सकेका छैनन् । कांग्रेसले २०१५ सालको निर्वाचनमा दुई तिहाई बहुमत तथा २०४८ र २०५६ सालमा बहुमत प्राप्त गरेको निर्वाचन आयोगको इतिहासमा उल्लेख छ । पहिलो आमनिर्वाचनमा कांग्रेसको दुई तिहाइ
नेपालमा निर्वाचनको इतिहास हेर्ने हो भने २००७ सालमा प्रजातन्त्रको स्थापनापछि बालिग मताधिकारका आधारमा सर्वप्रथम २०१५ साल फागुन ७ गते पहिलो संसदीय निर्वाचन भएको थियो । कूल एक सय नौ निर्वाचन क्षेत्रमा भएको मतदानमा कांग्रेस ७४ स्थानमा विजयी भई दुई तिहाइ बहुमत प्राप्त गरेको थियो ।
रासस

# मधेशमा........................

प्रधानमन्त्री पद पाए माओवादी केन्द्र प्रतिपक्षी गठबन्धन एमालेसँग जाने कुरा मिडियो फैलाएको अफवाह मात्र हो, त्यसमा कुनै सत्यता छैन, हामी सत्तारुढ गठबन्धनसँगै नै छौं।'
यता सरकार निर्माणका लागि दुबै गठबन्धनमा निर्णायक भूमिकामा रहेको जनमत पार्टी पनि गठबन्धन दलको निर्णयको प्रतिक्षामा बसेको छ । जनमतका प्रवक्ता बीपी साहले भन्छन् 'सरकारमा जाने बारे अनौपचारिक कुरा गठबन्धनहरुसँग भइरहेको छ । तर औपचारिक रुपमा हामीलाई कुनै गठबन्धनले कुरा गर्न बोलाएका छैनन् ।' कुन गठबन्धनसँग जनमत पार्टी सरकारमा जाने हो भन्ने प्रसंगमा साहले भन्छन् 'हाम्रो पार्टीका नेताहरुको सोच सत्तारुढ गठबन्धनसँगै जाने रहेको छ । तर पार्टीको केन्द्रीय समितिको बैठकमा कुन दलसँग जाने निर्णय गरिनेछ ।'
सरकार निर्माणका लागि सत्तारुढ गठबन्धनसँग मधेशमा कांग्रेसको २२, माओवादीको ८, नेकपा (एस) को ७ र लोसपाको ९ गरी ४३ सिट रहेको छ भने प्रतिपक्षी गठबन्धनसँग एमालेको २३, जसपाको १६, राप्रपाको १ गरी ४० सिट रहेको छ। सरकार बनाउन ५४ सिट चाहिएकोमा सत्तारुढ गठबन्धनलाई ११ र प्रतिपक्षी गठबन्धनलाई १४ सिट घटिरहेको छ। यसमा प्रमुख निर्णायक भूमिका १३ सिट पाएको जनमतको हुन्छ । जनमत सत्तारुढसँग गए ५६ पुग्नेछ भने प्रतिपक्षसँग गए ५३ पुग्नेछ ।
हुनत सत्तारुढ गठबन्धनका कांग्रेसले जनमतलाई फकाउन कैयौं चरणको छलफल गरिसकेको छ । जनमतले आफ्नो मुद्दा सम्बोधन भए सरकारमा जाने कुरा राख्दै आएको छ ।
श्रोतका अनुसार सत्ता गठबन्धन दलबीच राष्ट्रपतिदेखि संघीय र प्रादेशिक सरकार गठबन्धनबारे अनौपचारिक रुपमा मोटामोटी सहमति भइसकेको छ । सहमति अनुसार राष्ट्रपति माओवादीबाट डा. बाबुराम भण्डारी नेतृत्वको नेपाल समाजवादी पार्टी, उपराष्ट्रपति नेकपा (एस), राष्ट्रियसभा अध्यक्ष कांग्रेस र संघीय सभामुख माओवादी, उपसभामुख कांग्रेसले लिनेछ ।
त्यस्तै प्रधानमन्त्रीको नेतृत्व सुरुको दुई वर्ष कांग्रेस, दोश्रो नेतृत्व माओवादी र अन्त्यको एकवर्ष नेकपा (एस)ले लिनेछ । प्रदेश मुख्यमुत्री पदमा माओवादीले कर्णाली र लुम्बिनी, नेकपा (एस) ले गण्डकी र बागमती तथा मधेश, सुदुरपश्चिम र प्रदेश नं. १ कांग्रेसले लिने गरी मोटामोटी सहमति भइसकेको श्रोतको दाबी छ। श्रोतका अनुसार सरकारको सिफारिसमा राष्ट्रपतिबाट तोकिने ७ वटा प्रदेश प्रमुखतर्फ माओवादी र कांग्रेसले ३/३ तथा नेकपा (एस) ले एउटा प्रदेश पाउँनेछन् ।

# महिनाबारीमा सिनेटरी प्याड प्रयोग गर्नुपर्नेमा जोड

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २२ ।
"मर्यादित महिनाबारी, हामी सबैको जिम्मेवारी" नारा सहित अन्तराष्ट्रिय मर्यादित महिनाबारी दिवस सचेतनामूलक कार्यक्रम सहित कमला नगरपालिकामा सम्पन्न भएको छ । बिहीवार कमला नगरपालिकाका प्रमुख प्रशाकीय अधिकृत सुबोध ठाकुरको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा सहभागी वक्ताहरुले नियमित हुने महिनाबारीले महिलामा हुने गरेको पेट दर्द, सिनेटरी प्याडको ठाउँमा फोहर कपडा प्रयोगले हुने समस्या बारे प्रकाश पारेका थिए। कार्यक्रममा प्रमुख अतिथि नगरपालिकाका उपप्रमुख शिलादेवी मण्डलले महिनाबारी महिलामा हुने नियमित प्रक्रिया हो । महिलाबारी पिडीत महिलाबारे समाजमा छुवाछुत, हेला गर्ने र हप्काउने व्याप्त रहेको प्रवृति अन्त्य गर्नुपर्छ । उनले सम्बन्धित महिला तथा किशोरीहरुले पनि आ आफ्ना सरसफाईमा ध्यान पुरयाउन आवश्यक रहेको कुरमा जोड दिएकी थिएन । त्यस्तै नगरपालिकाका स्वास्थ्य




शाखा प्रमुख रामकुमार ठाकुरले महिनाबारी १२–१५ वर्षको किशोरीदेखि ४०–४५ वर्षसम्मकी महिलामा हुने नियमित प्रक्रिया हो । यो कुनै रोग होइन र यसका उपचार पनि छैन । त्यसैले समाजमा कसैले हेला गर्नु वा छुवाछुत गर्नु गलत प्रवृति हो यसको अन्त्यका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले यसबारे वडा वडामा गई सचेतना फैलाउन जरुरी रहेको भने ।
उनले महिनाबारी भएकी सम्बन्धित किशोरी वा महिलाले पनि आफ्नो महिनाबारी भएको बला नियमित सरसफाई ध्यान पुरयाउनुपर्छ । यसका साथै गाउँघरतिर सेनिटेरी प्याडको सट्टा फोहर कपडा प्रयोग गर्ने चलन रहेकाले सिनटेरी प्याडको प्याडको विषेशता बारे जानकारी दिदै त्यो नै प्रयोग गर्न घर घरमा गई स्वयंसेविकाले सुझाव दिन जरुरी रहेको बताए । साथै कार्यक्रममा बोल्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुले फोहर कपडा प्रयोग गर्दा पाठेघर र योनीमा समेत संक्रमण हुन सक्छ। त्यसले क्यान्सर र बाँझ बनाउन सक्ने भएकाले सेनिटरी प्याड नै प्रयोग गर्नुपर्ने धारणा राखेकी थिइन । सो कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविका सहित स्थानीय किशोरी तथा महिलाहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी किशोरी तथा महिलाहरुलाई सिनेटरी प्याड समेत वितरण गरिएको थियो ।

# शुल्क निर्धारण.....................

तर अन्य सबै बिद्यालयहरुमा शुल्क थपिएको छ ।
एक अभिभावकका अनुसार साउथ जोन मावीले कक्षा १०मा रु २७ सय शुल्क लिदै आएकोमा अहिले बगीकरणमा परेपछि कक्षा १०मा सो बिद्यालयले ३५ सय लिने भएकोले आफुहरु झनझन समस्यामा परेको बताए । कुन कैटोगरी बनाई बिद्यालयहरुलाई बगीकरण गरेको भन्दै आलोचना भई रहेको छ । नियम कानुनले होईन हचुवाको भरमा बर्गीकरण गरेको आरोप वीरगजवासीको आरोप छ ।
महानगरले मंसिर १९ र २० गतेको निणर्य अनुसार शुल्क बिद्यालय बगीकरण तथा शुल्क निर्धारण भएको जनाएको महानगरले जनाएको छ। एक महिनाको बराबरको शुल्कभन्दा बढी धरौटी नलिने, २ महिना बराबरको शुल्क भन्दा बढी बर्षीक शुल्क नलिने,दुरीको आधारमा सवारी भाडा, मात्र लिने,अभिभावकबाट शुल्क पारित गराउने,जेष्ठ १ गतेदेखि शुल्क समायोजन गर्ने,नमावाली प्राप्त नभएका बिद्यालयहरुलाई घ बर्गमा राखिएको निणर्य गरेको छ ।
महानगरले ४ वटा बर्गमा निजी विद्यालयहरुलाई वर्गीकरण गरेको छ । क बर्गमा ६ वटा,२७ वटा ग बर्ग तथा बाकीलाई घ बर्गमा राखिएको महानगरले जनाएको छ ।

# संक्षेप समाचार

## फुटबल प्रतियोगितामा चपुर बैकर्स बिजयी



मुकेश कुमार साह
रौतहट २२,मंसिर
जेसिज सप्ताह-२०२२ अर्तगत भएको फुटबल प्रतियोगितामाचपुर बैकर्स बिजयी भएको छ। बिहिवार हातेमालो शेर वहादुर दर्लामी स्मृति खेल मैदानमाचपुर बैर्कस र चपुर ईन्सुरेन्स बिच भएको खेलमाचपुर बैर्कस ३-५ गोल गरेर बिजयी भएको कार्यक्रम संयोजक जेसी सुशिलअधिकारीले जानकारी दिए । बिजेता भएका चपुर बैर्कस ले ५ गोल गर्न सफल भएका थिएभने उप-बिजेताचपुर ईन्सुरेन्स ले ३ गोलमात्रगर्न सके । चपुर बैर्कसको तर्फ बाट बिरोध न्यौपानेले ह्याट्रिक गरेका थिएभने संजय चौधरीले २ गोल गरेका थिए । न्यौपानेलेजर्सी नं ७का खेलाडी नविन कोईरालाको पास बाट गोल गर्न सफल भएका थिए । यस्तै म्यानआफ द म्याच बिरोध न्यौपाने र बेस्ट गोल किपर हिमाल खरेललाई घोषणा गरीएको मुलकार्यक्रम संयोजक जेसि चिरन्जिवीगौतमले जानकारी दिए ।यस्तै चपुर ईन्सुरेन्स तर्फबाट निरज तामागं ले २ र सुदिपअधिकारीले १ गोल गरेकाथिए । जेसिज सप्ताह-२०२२ अर्तगत भएको फुटबल प्रतियोगिताले चपुर बैर्कस र चपुर ईन्सुरेन्स बिचथप सुमधुर सम्बन्धबन्ने बिश्वास रहेको चन्द्रनिगाहपुर सिटि जेसीज २०२२ का अध्यक्ष जेसि उज्जवल रिजालले बताए । जेसिज सप्ताहअर्तगत शैक्षिक साम्रागीबितरण कार्यक्रम,आईटि अवरनेस कार्यक्रम,स्लो बाईक रेस तथा ट्राफिक सचेतनाकार्यक्रमगर्ने अध्यक्ष जेसि रिजालले जानकारी दिए ।

## दमकल मर्मत पछी संचालनमा




मधेशदृष्टि
रौतहट २२,मंसिर
केहीमहिना देखि बिग्रीएको दमकलमर्मत गरेर संचालनमाल्याएको चन्द्रपुर नगरपालिकाले जनाएको छ । प्रविधिक समस्याको कारण सञ्चालनमा आउन नसकेको चन्द्रपुर नगरपालिकाको दमकलनगर प्रमुख सञ्जय कुमार काफ्लेको सकृयतामामर्मत पछि संचालनमा आएको हो ।आगलागी जस्ता घटना हुदादमकलबिग्रदा केही समय समस्या भएको थियो ।नगर प्रमुखकाफ्लेले बिग्रिएको दमकलमर्मत भएको र २४ सै घण्टा तयारी अवस्थामा राखिएको बताएका छन ।

# आलै छ कोरोनाले बनाएको घाउ

लुम्बिनी, २२ मङ्सिर
सीमा सिल थियो, आवागमन कहिले खुल्ने ? थाहा थिएन । जीविकाको एकमात्र स्रोत डुङ्गा पनि बन्द भएपछि खेदू मल्लाहलाई दुई छाक टार्न धौधौ भएको थियो । खेती गर्ने जग्गा जमिन थिएन । पचपन्न वर्षीय मल्लाहको एउटै चिन्ता मात्र थियो, गुजारा चलाउने कसरी ?स्थायी घर नभई नदी छेउमा टहरा बनाई बसेका पाँच नाबालिकाका बुवा सिरी डोमले पनि कतै श्रीमती गेनासँगै वैकल्पिक रोजगारी पनि पाउनु भएन । भोकभोकै हुनुपरे पनि लालाबालाको पेट पाल्न मागेर गुजारा चलाउन खोजे पनि महामारीको बेला माग्न जाँदा कोरोनाको डरले लालाबाला भोकभोकै हुनुपरेको थियो । जिल्लाको पहिलो कोरोना सङ्क्रमित कृष्ण पासी कोरोनालाई जित्न सफल हुनुभयो तर बिहान-बेलुका छाक टार्न गाह्रो थियो । भारतको दिल्लीमा गार्मेन्ट कम्पनीमा १० वर्षदेखि गर्दै आएको सिलाइकटाइको काम छाडेर आउनुपर्दा बेखर्ची हुनुपरेको थियो । बिरामी आमाको उपचारको भार उनी माथि थियो । खेदू मल्लाह, सिरी डोम र कृष्णा पासीत विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ को प्रत्यक्ष मार खेप्नुभएका केही प्रतनिधि पात्र हुन् । खासगरी दिनभरि काम गरेर साँझ-बिहान हातमुख जोर्नुपर्ने अवस्थाका न्यून आयस्तरका मानिसलाई निकै समस्या थियो । धेरैको रोजगारी गुमेको थियो भने उद्योगी व्यवसायी पनि नराम्ररी प्रभावित बनेका थिए। मर्चवारी गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएका झण्डै एक हजार सात सय युवा घर फर्किएका थिए भने सम्मरीमाई गाउँपालिकामा आठ सय २५ जना पनि रोजगारी गुमेपछि गाउँ फर्किएका थिए । खेदूको जीविकाको एकमात्र स्रोतको रूपमा रहेको नदीमा मान्छे ओसार्ने अर्थात् डुङ्गा व्यापार पनि बन्द भएपछि दुई नाति-नातिना र छोरा-छोरीसमेतलाई पढाउने र पेट पाल्ने चिन्ताले पिरोल्न थाल्यो । कोरोना महामारी कम भएपछि पनि उहाँको व्यवसाय चल्न सकेको छैन। उनको डुङ्गा अहिले सोही ठाउँमा प्रयोगविहीन भई जीर्ण अवस्थामा छ । सिरी डोमको पीडा पनि उस्तै छ। नदी छेउमा रहेको टहरामुनि दुई छोरी र तीन छोरासहित बस्दै आएका उनी वैकल्पिक रोजगारको खोजीमा छन । स्मशानघाटमा शवदाह गर्ने पेशा नै उनको जीविकाको मुख्य स्रोत पनि कोरोनाकालमा प्रभावित बन्यो । परासी जिल्लाको खैरनी घाटमा जन्मनुभएका ४५ वर्षीय उहाँको नागरिकता नहुँदा सरकारबाट पाउने सेवा सुविधाबाटपनि बञ्चित हुनुपरेको छ । नागरिकताको अभावमा उहाँ छोराछोरीको जन्मदर्ता हुनसकेको छैन । रुपन्देहीका पहिलो कोरोना सङ्क्रमित कृष्णा पासीको पीडा पनि कम छैन । रोजगारी गुमाउँदाको पीडा, आफैँलाई कोरोनाको सङ्क्रमण, बिरामी आमाको उपचार र बिहान-बेलुका दुई छाक टार्ने जोरजामको अभिभारा पनि उनीमाथि थियो । भारतको दिल्लीस्थित एक गार्मेन्ट कम्पनीमा काम गर्दै आएका उनी अहिले बेरोजगार छन । अर्घाखाँचीको शीतगङगा नगरपालिका-.५ जकेनाका ४५ वर्षीय देवबहादुर विकले क्वारेन्टिनमै आत्महत्या गरे । ।रासस

# सरकारीमा नाम...........

विद्यालय करिव ४ सय मिटरको दुरीमा निजी अर्थात बोर्डिङ्ग विद्यालय छ।
प्र.अ आनन्द सिंहले भने, 'समुदायीक विद्यालयमा नाम लेखाएका छन्, तर नजिकै नीजि विद्यालयहरु खुलेकाले सबै त्यतै पढ्न जानेको गरेको बताए ।'
बाल कल्याण आधारभुत विद्यालयका प्र.अ. घुरण सिंहले भने, 'हामी पढाउन आउँने हो, को विद्यार्थी कता जान्छन्, के गर्छन्, सबैलाई हामीले रोक्न सक्दैनौ।' आनन्द र घुरण सिंह बाबु छोरा हुन् ।
उनले आक्रोसित हुदै बोले,' शिक्षकले ४ महिनामा तलव पाउँछ, विद्यार्थीलाई दिवा खाजा खुवाउन नगरपालिकाले मौखिक भनेको छ, त्यो व्यवस्थापन गर्नु पर्छ, कसरी सकिन्छ। त्यसमाथि पत्रकार आएर हामीलाई नै टर्चर गरेर हुन्छ भन्दै नगरलाई समयमा शिक्षकको तलव, दिवा खाजाको रकम, प्रशासनिक खर्च दिनभन्नुस भन्दै हामीसँगै जङ्गीए।
उनले पढाउने विद्यालय नजीकै उनको शिखर विद्यामन्दीर नामको नीजी विद्यालय पनि सञ्चान गरेको नाम नखोल्ने सर्तमा एकजना स्थानियले बताए । वाउ छोरा काम गर्ने समुदायीक विद्यालयमा त्यहि विद्यालयबाट आफूले पढाउने र जेठो छोरो आनन्दले पढाउने विद्यालयमा विद्यार्थीको लागि दिवा खाजा समेत लाने गरेको उनले जनाए ।
त्यसतै सुखिपुर नगरपालिका ४ पोखरीयामा रहेको जनता आधारभुत विद्यालयको अवस्था पनि माथि उल्लेख गरेको विवरण भन्दा फरक छैन। यस विद्यालयको रजिष्टरमा १सय २० जना भन्दा बढी विद्यार्थीको नाम छ। तर ,२० जना बच्चाहरुमात्र उपस्थित रहेको पाइयो । उपस्थित सवै बालविकासमा पढ्ने उमेका मात्र थिए। यहाँ पनि प्रधानाध्यापक जितेन्द्र प्रसाद यादवमात्र उपस्थित थिए।
प्र.अ. र २ जना बालविकासका शिक्षिका भएपनि दुवैजना तालिममा गएकोले आफूमात्रै उपस्थित भएको बताए।
उनले विद्यार्थीको न्यून उपस्थितिको विषयमा जिज्ञासा राख्दा सवै निजी विद्यालयमा पढ्न जान्छन्, हामीले यहाँ आउँने छोरीहरु र सिंगान पुछ्न नसक्ने बच्चाहरुमात्र हुन भन्ने जवाफ दिए।
प्रधानाध्यापक यादवले भने, 'गाउँ गाउँमा निजी विद्यालयहरु खोलेका छन्, नाम हाम्रोमा लेखाएपनि सवै विद्यार्थी उत्तै जान्छन्, हामीले रोक्नै सकिराखेका छैनौं।'
सरकारी स्कूलमा नाम लेखाउनुको पछाडि अभिभावक तथा स्कूलका प्रधानाध्यापक दुबैको स्वार्थ लुकेको छ । अभिभावकहरु छात्रवृती लगायत सरकारबाट प्राप्त हुने सुविधाका लागि नाम लेखाउने गरेको स्थानीय बताउँछन भने प्रधानाध्यापकहरु धेरै विद्यार्थी देखाएर पाठ्यपुस्तक र दिवा खाजाको बजेट लिन लिने व्यवस्था मिलाउँछन् । यस बाहेक विद्यार्थी संख्याको आधारमा नजिकका आफन्तहरुलाई जागिर
दिने अवसर पनि मिल्छ ।
सुखिपुर ४ का युवा गंगा सागर यादवले सामुदायीक विद्यालयहरु विद्यालय भन्दा पनि शिक्षकहरुले जागिर खाने थलो जस्तो भएको प्रतिक्रिया दिए । सागरका अनुसार शिक्षकहरुलाई विद्यार्थी गएपनि आएपनि कुनै मतलव हुँदैन, पढाई राम्रो हुँदैन त्यँहि भएर पनि अभिभावकहरु निजी विद्यलयमा पठाउन बाध्य हुन्छन्।




डिसेम्बर ७, २०२२ मा ढाकाको शेर-ए-बांगला राष्ट्रिय क्रिकेट स्टेडियममा बंगलादेश र भारतबीचको दोस्रो एकदिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) क्रिकेट म्याचमा एनडियाका कप्तान रोहित शर्मा (सी) शट खेल्दै । (मुनिर उज जमान द्वारा तस्बिर / एएफपी)


# विश्वकप फुटबल : यस्ता छन् क्वार्टरफाइनल पुग्ने टिम

२२ मंसिर, काठमाडौं ।
कतारमा जारी विश्वकपमा ६४ मध्ये ५६ खेल सकियो । अब ८ खेल बाँकी छ । खेल थोरै बाँकी भएपनि विश्वकप झन् रोमाञ्चक बन्दैछ ।टिम संख्या घट्दैछ । अब कसले जित्ला उपाधि भन्ने कौतुहलता झन् बढेको छ । के यसपटक नयाँ टिम बिजेता होला वा पुरानै टिमले उपाधि थप्लान् ? त्यसका लागि पुस ३ गतेसम्म कुर्नुपर्नेछ ।यस पटक विश्वकपका खेलहरु रोमाञ्चक बन्देछ । अनपेक्षित नतिजाहरु आए । नतिजा पूर्वानुमान गर्न गाह्रो भयो । विश्व विजेताहरु समेत स्तब्ध भए ।दुई पूर्व विजेता जर्मनी र उरुग्वे समूह चरणबाटै घर फर्किंदा अर्को पूर्व विजेता स्पेन अन्तिम १६ बाट बाहिरियो । मोरक्को पहिलो पटक क्वार्टरफाइनलमा स्थान बनाउन सफल भयो । क्वार्टरफाइनल पुग्ने अन्य टिम भने पुरानै रहे ।क्वार्टरफाइनल पुग्ने ८ मध्ये ४ टिम पूर्व विजेता छन् । यसबाहेक अन्य दुई टिमले यसअघि फाइनल खेलेपनि उपाधि जित्न सकेका छैनन् । एक टिम सेमिफाइनलसम्म पुगेको छ । अर्को टिम यसै संस्करणमा क्वार्टरफाइनल पुगेको छ ।८ समूह मध्ये समूह ई बाट कुनै पनि टिम क्वार्टरफाइनल पुग्न सकेनन् भने समूह एफबाट दुई टिम क्वार्टरफाइनल पुगेका छन् ।समूह ए बाट नेदरल्याण्ड्स, समूह बी बाट इंग्ल्याण्ड, समूह सी बाट अर्जेन्टिना, समूह डी बाट फ्रान्स, समूह जी बाट ब्राजिल र समूह एचबाट पोर्चुगल क्वार्टरफाइनलमा पुगेका छन् । ६ वटै टिम समूह विजेता बनेका थिए ।यस्तै समूह ई बाट मोरक्को र क्रोएसिया क्वार्टरफाइनल पुग्दा समूह एफबाट अन्तिम १६ मा पुगेकामध्ये जापान र स्पेन दुवै अन्तिम १६ मै पराजित हुँदै बाहिरिए ।नेदरल्याण्ड्स विश्वकपमा अभागी टिम मानिन्छ । तीन पटक फाइनल पुगेर पनि उपाधि जित्न नसकेको नेदरल्याण्ड्स ८ वर्षपछि विश्वकपमा फर्कंदै क्वार्टरफाइनल पुगेको हो । सन् २०१४ मा ब्राजिलमा भएको विश्वकपमा सेमिफाइनलसम्म पुगेको नेदरल्याण्ड्स अर्जेन्टिनासँग पराजित भएको थियो ।आयोजक ब्राजिलले हराएर नेदरल्याण्ड्स तेस्रो भएको थियो । ८ वर्षपछि क्वाटरफाइनल खेल्न लागेको नेदरल्याण्ड्सको भेट यस पटक पनि अर्जेन्टिनासँग हुँदैछ ।जारी विश्वकपमा अपराजित चारमध्ये एक टिम हो नेदरल्याण्ड्स । ऊ समूह चरणमा २ जित १ बराबरी नतिजासहित समूह विजेता बनेको थियो ।नेदरल्याण्ड्सले समूह चरणमा सेनेगललाई २-० र कतारलाई २-० ले पराजित गरेको थियो भने इक्वेडरसँग १-१ को बराबरी खेलेको थियो ।नेदरल्याण्ड्सले अन्तिम १६ मा अमेरिकालाई ३-१ ले हराएको थियो । नेदरल्याण्ड्सका कोडी गाक्पोले विश्वकपमा ३ गोल गरिसकेका छन् र सर्वाधिक गोलकर्ताको होडमा छन् ।पहिलो खेल हारेपनि अर्जेन्टिनाले त्यसपछि लगातार दुई खेल जित्दै समूह बी को विजेता बनेर नकआउट चरणमा स्थान बनाएको थियो ।लिओनल मेस्सीको सम्भावित अन्तिम विश्वकपको रुपमा रहेको यस संस्करणमा मेस्सी र अर्जेन्टिना च्यम्पियन बन्दै ३६ वर्षको विश्वकप उपाधि खडेरी तोड्ने लक्ष्यमा छ ।अर्जेन्टिना पनि ८ वर्षपछि क्वार्टरफाइनल खेल्दैछ । सन् २०१४ मा फाइनल पुगेको अर्जेन्टिना २०१८ को विश्वकपमा अन्तिम १६ मा फ्रान्ससँग पराजित हुँदै बाहिरिएको थियो ।मेस्सीको अन्तिम विश्वकपलाई सुखद बनाउने लक्ष्यमा रहेको अर्जेन्टिनाले नेदरल्याण्ड्स विरुद्ध २०१४ को नतिजालाई निरन्तरता दिने प्रयासमा छ । २०१४ मा नेदरल्याण्ड्सलाई सेमिफाइनलमा हराएर अर्जेन्टिना फाइनल पुगेको थियो तर अतिरिक्त समयमा गोल व्यहोर्दै जर्मनीसँग पराजित हुँदा उपाधि नजिक पुगेर पनि टाढिएको थियो ।यस पटक पहिलो खेलमै साउदी अरेबियाविरुद्ध अप्रत्यासित २-१ को हारपछि कतै समूह चरणबाटै बाहिरिने हो कि भन्ने खतरा बढेको थियो । तर त्यसपछि मेक्सिको र पोल्याण्डलाई समान २-० को नतिजामा हराएर अर्जेन्टिना समूह्य विजेता बनेको थियो । अन्तिम १६ मा अर्जेन्टिनाले अष्ट्रेलियालाई २-१ ले हराएको थियो ।चार वर्षअघि रुसमा भएको विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै क्रोएसिया फाइनल पुगेको थियो । तर फ्रान्ससँग पराजित हुँदै उपविजेता बन्यो । यस पटक पनि क्रोएसिया त्यही प्रदर्शनलाई दोहोऱ्याउन चाहन्छ । तर उसको यात्रा भने सहज छैन । कारण क्वार्टरफाइनलमै पाँच पटकको विजेता ब्राजलिसँग क्रोएसियाको भेट हुँदैछ ।यस विश्वकपमा अपराजित अर्को टिम हो क्रोएसिया । उनले समूह एफमा एक खेल जितेको थियो भने दुई खेल बराबरी देल्खै समूह्य उपविजेताको रुपमा अन्तिम १६ मा प्रवेश गरेको थियो । मोरक्को विरुद्ध गोलरहित बराबरी खेल्दै विश्वकप सुरु गरेको क्रोएसियाले क्यानडा विरुद्ध ४-१ को पुनरागमन जित निकालेको थियो भने बेल्जियम विरुद्ध पनि गोलरहित बराबरी खेलेको थियो ।अन्तिम १६ मा १२० मिनेटको खेल १-१ को बराबरी भएपछि जापानलाई पेनाल्टी सुटआउटमा ३-१ ले हराएर क्रोएसिया क्वार्टरफाइनलमा पुगेको हो ।विश्व नम्बर एक अनि विश्वकपको सदाबहार दाबेदार हो ब्राजिल । हरेक विश्वकपको दाबेदार रहेपनि ब्राजिलले २००२ पछि उपाधि जित्न सकेको छैन । चार वर्षअघि रुसमा क्वार्टरफाइनल पुगेपनि बेल्जियमसँग पराजित हुँदै ब्राजिल घर फर्केको थियो ।पछिल्लो पटक एसियामै भएको विश्वकप जितेको ब्राजिल दोस्रो पटक एसियामा विश्वकप हुँदा उपाधिको पर्खाईलाई अन्त्य गर्न चाहन्छ ।सन् २००२ मा जापान र दक्षिण कोरियामा भएको विश्वकपमा ब्राजिलले उपाधि जितेको थियो ।त्यसपछि ब्राजिल फाइनल पनि पुग्न सकेको छैन । २०१४ मा घरेलु भूमिमै सेमिफाइनल पुगेको ब्राजिल २००६, २०१० र २०१८ मा क्वार्टरफाइनलबाटै बाहिरिएको थियो ।यस पटक उपाधि जित्ने लक्ष्य राखेको ब्राजिलले अन्तिम १६ मा दक्षिण कोरियालाई ४-१ ले पराजित गर्दै आफ्नो दाबेदारी प्रस्तुत गरिसकेको छ । यस विश्वकपमा टिमका सबै २६ खेलाडी खेलाउने ब्राजिल पहिलो टिम समेत बनेको छ ।ब्राजिलले समूह चरणमा दुई खेल जित्दा एक खेलमा पराजित भएको थियो । सर्वियालाई २-० र स्वीटजरल्याण्डलाई १-० ले हराएको ब्राजिल क्यामरुनसँग १-० ले पराजित भएको थियो । ब्राजिलले क्वाटरफाइनलमा क्रोएसियासँग खेल्नेछ ।ब्राजिल अहिलेसम्म भएका सबै २२ वटै संस्करणको विश्वकप खेल्ने एक्लो टिम हो भने सर्वाधिक ५ पटकको च्याम्पियन समेत हो ।अफ्रिकन राष्ट्र मोरक्को यस विश्वकपको डार्क हर्सको रुपमा देखिएको छ । एटलस लायन्सको उपनामले चिनिने यो मोरक्को पहिलो पटक विश्वकपको क्वार्टरफाइनलमा पुगेको हो भने समग्रमा चौथो अफ्रिकन टिम हो । क्वार्टरफाइनल पुग्ने मध्ये फिफा वरीयतामा सबैभन्दा पछि रहेपनि जारी विश्वकपमा भने मोरक्को प्रदर्शन गज्जबको छ ।सन् १९८६ पछि पहिलो पटक विश्वकपको समूह चरण पा गरेको मोरक्कोले यस पटक इतिहासमै उच्च सफलता हात पारेको हो र अझै अगाडि बढ्ने लक्ष्यमा छ ।बेल्जियम र क्रोएसिया जस्ता टिम रहेको समूह एमा दुई जित र १ बराबरीको नतिजासहित मोरक्को समूह विजेता बनेको थियो ।क्रोएसियासँग गोलरहित बराबरी खेल्दै विश्वकप सुरु गरेको मोरक्कोले बेल्जियमलाई २-० ले हरायो भने क्यानडालाई २-१ ले पराजित गरेको थियो । जारी विश्वकपमा मोरक्कोले बेहोरेको एक मात्र गोल पनि आत्मघाती थियो ।अन्तिम १६ मा मोरक्कोले पूर्व विजेता स्पेनलाई स्तब्ध पारेको थियो । १२० मिनेटको खेल गोलरहित बराबरी भएपछि पेनाल्टी सुटआउटमा मोरक्कोले स्पेनलाई ३-० ले हरायो । पेनाल्टी सुटआउट मोरक्कोले कुनै गोल खाएन । स्पेजका दुई प्रहार मोरक्कोका किपर यासिन बोनोले रोके भने एक प्रहार पोष्टमा लागेको थियो ।विश्वकपको इतिहासमा सेमिफाइनल पुग्ने पहिलो अफ्रिकन टिम बन्ने लक्ष्यमा रहेको मोरक्कोले अब पोर्चुगलसँग क्वार्टरफाइनलमा खेल्नेछ ।क्रिस्टियानो रोनाल्डोको कप्तानीमा रहेको पोर्चुगलले अहिलेसम्म विश्वकप जितेको छैन। तरपोर्चुगललाईपनिआउटसाइडर दाबेदारको रुपमा भने हेरिने गरेको छ ।पोर्चुगल १६ वर्षपछि विश्वकपको क्वार्टरफाइनलमा पुगेको हो । सन् २००६ मा जर्मनीमा भएको विश्वकपमा सेमिफाइनल पुगेको पोर्चुगल १६ वर्षपछि विश्वकपको क्वार्टरफाइनलमा प्रवेश गरेको हो। २०१० र २०१८ मा अन्तिम १६ बाटै आउट भएको पोर्चुगल २०१४ मा समूह चरणबाटै घर फर्किएको थियो ।यस पटक २००६ को प्रदर्शन दोहोऱ्याउने लक्ष्यमा पोर्चुगल छ । पोर्चुगल अहिलेसम्म दुई पटक विश्वकपको सेमिफाइनल पुगेको छ जसमा सन् १९६६ मा तेस्रो हुनु अहिलेसम्मको उत्कृष्ट नतिजा हो ।यस पटक पोर्चुगलको प्रदर्शनमा उतारचढाव देखिएको छ । समूह चरणको सुरुवाती दुई खेल जितेर नकआउट चरणमा स्थान पक्का गरेको पोर्चुगल दक्षिण कोरियासँग पराजित भएको थियो ।घानालाई ३-२ र उरुग्वेलाई २-० ले पराजित गरेको पोर्चुगल दक्षिण कोरियासँग २-१ ले पराजित भएको थियो ।तर अन्तिम १६ मा स्वीटजरल्याण्डलाई ६-१ को फराकिलो अन्तरले हराउँदै पोर्चुगलले आफ्नो क्षमता देखाइसकेको छ । कप्तान क्रिस्टियानो रोनाल्डोलाई विस्थापित गरेर युवा फरवार्ड गोन्सालो रामोसले खेल्दै जारी विश्वकपकै पहिलो ह्याट्रिक गरे ।१६ वर्षपछि क्वार्टरफाइनल खेल्न लागेको पोर्चुगलको भेट पहिलो पटक विश्वकपको क्वार्टरफाइनल पुगेको मोरक्कोसँग हुनेछ ।जारी विश्वकपमा अपराजित चार टिममध्ये इंग्ल्याण्ड पनि एक हो ।

# गुजरातमा भाजपाको १५२ स्थानमा अग्रता, हिमाचलमा भाजपा र कांग्रेसबीच कडा प्रतिस्पर्धा

गुजरात, २२ मसिर
भारतीय जनता पार्टी (भाजपा) ले पछिल्लो गुजरात बिधान सभाका लागि भएको निर्वाचनको प्रारम्भिक मतगणना अनुसार १५२ सिटमा अग्रता लिइरहेको छ । भाजपाको यस पहिले सन् २००२ मा १२७ सीटको आफ्नै रेकर्ड तोड्ने देखिएको छ । भाजपाले गुजरातमा सन् १९८५ मा माधव सिंह सोलङ्कीको नेतृत्वमा भारतीय राष्ट्रिय काङ्ग्रेस (काङ्ग्रेस-आई) सरकारले बिधानसभामा हासिल गरेको १४७ को उच्च चुनावी रेकर्डलाई पनि तोड्ने देखिएको छ । यसअघि सार्वजनिक गरिएको सर्भेषणमा भाजपा राज्यमा सातौं पटक भारी बहुमतका साथ सत्तामा आउने अनुमान गरिएको थियो । गुजरात विधानसभा चुनावको मतगणना बिहीबार बिहान ८ बजेदेखि सुरु भएको छ । गुजरातका ३३ जिल्लाका ३७ मतदान केन्द्रमा मतगणना सुरु भएको छ । गुजरातका मुख्य निर्वाचन अधिकृत पी भारतीका अनुसार मतगणनाका लागि १८२ पर्यवेक्षक, १८२ निर्वाचन अधिकृत र ४९४ सहायक निर्वाचन अधिकृत सेवामा खटिएका छन् । मतगणनाका लागि थप ७८ जना सहायक निर्वाचन अधिकृत रहेका छन् । गुजरातमा विधानसभा चुनाव क्रमशः डिसेम्बर १ र ५ मा दुई चरणमा सम्पन्न भएको थियो । गुजरात निर्वाचनको दोस्रो चरणको अन्त्यसम्ममा गुजरातमा अनुमानित ५९.११ प्रतिशत मतदान भएको थियो । डिसेम्बर १ मा भएको पहिलो चरणको मतदानमा गुजरातमा ६३.१४ प्रतिशत मतदान भएको थियो । गुजरातमा २७ वर्षदेखि भाजपा सत्तामा छ र प्रधानमन्त्री नरेन्द्र मोदी प्रधानमन्त्री बन्नुअघि सबैभन्दा लामो समयसम्म मुख्यमन्त्रीको पदमा रहेर काम गरेका थिए । सन् २०१७ को विधानसभा चुनावमा काङ्ग्रेसले सत्तारुढ भाजपालाई कडा टक्कर दिएको थियो । यसैबीच, भारतीय जनता पार्टी (भाजपा) र भारतीय राष्ट्रिय काङ्ग्रेस (काङ्ग्रेस-आई) बीचको कडा प्रतिस्पर्धामा हिमाचल प्रदेशमा दुवैले समान ३२ सिटमा अग्रता लिएको देखिएको छ । राज्यका ६८ विधानसभा सिटका लागि नोभेम्बर १२ मा चुनाव भएको थियो र करिब ७५.६ प्रतिशत मतदान भएको थियो । भाजपाका मुख्यमन्त्री जयराम ठाकुर आफ्नो निर्वाचन क्षेत्र सेराजबाट करिब १५ हजार मतका साथ अग्रस्थानमा रहेका छन । उनले १४ हजार ९ सय २१ मतका साथ अग्रता कायम गर्दा काङ्ग्रेसका उम्मेदवार चेतराम चार हजार ३५१ मतले पछि पर्नुभएको छ । सिमला ग्रामीणबाट काङ्ग्रेस उम्मेदवार तथा पूर्व मुख्यमन्त्री स्वर्गीय वीरभद्र सिंहका छोरा विक्रमादित्य सिंह कुल सात हजार २३३ मतका साथ अगाडि रहेका छन । हिमाचल प्रदेश विधानसभा निर्वाचनको मतगणना बिहीबार बिहान ८ बजेदेखि सुरु भएको छ । हिमाञ्चल प्रदेशका ५९ स्थानमा ६८ वटा मतगणना कक्ष रहेका छन् । भाजपाले लगातार दोस्रो कार्यकालका लागि सत्तामा फर्कने प्रयास गरिरहेको र काङ्ग्रेसले आफ्नो घोषणापत्रमा उल्लेखित '१० सुनिश्चितता' लाई समर्थन गरेपछि पहाडी राज्यमा तीव्र अभियान चलेको थियो । राज्यको तेस्रो ठूलो राजनीतिक शक्तिको रूपमा आम आदमी पार्टीको उदयले चुनावी लडाईलाई तीव्र बनाएको छ । यी तीन दलबाहेक बहुजन समाज पार्टी (बसपा), भारतीय कम्युनिस्ट पार्टी (मार्म्सवादी), भारतीय कम्युनिस्ट पार्टी (भाकपा) र राष्ट्रिय देवभूमि पार्टी (आरडीपी) पनि चुनावी मैदानमा छन् । विगत केही वर्षदेखि सरकार परिवर्तन गर्ने परम्परा रहेको यस राज्यमा मतगणना जारी रहँदा भाजपा र काङ्ग्रेस दुवैले विजय हासिल गरेको दाबी गर्दै आएका छन् । यदि भाजपाले जित्यो भने उसले सत्ताविरोधी लहरलाई परास्त गर्नेछ र राज्यमा वैकल्पिक सरकारको प्रवृत्तिमा परिवर्तन ल्याउनेछ ।यहाँ सन् २०१७ को विधानसभा निर्वाचनमा भाजपाले ४४ सिट जितेको थियो भने काङ्ग्रेसले २१ सिट जितेको थियो । (रासस/एएनआई)





# युक्रेनसंगको लडाइंमा सोचेभन्दा बढी समय लागेको पुटिनको स्वीकारोक्ति

युक्रेन, २२ मङ्सिर
रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा आफ्नो 'विशेष सैन्य अभियान'मा अपेक्षा गरिएभन्दा बढी समय लागेको स्वीकार गर्दै नयाँ भूभाग कब्जा गर्न सफल भएको र आफ्नो देशको आणविक हतियारले द्वन्द्व बढ्नबाट रोकेको बताएका छन । निःसन्देह, यो एक लामो प्रक्रिया हुन सक्छ, पुटिनले भने ।

फेबरुअरी २४ मा रूसको आक्रमणबाट सुरु भएको नौ महिनाभन्दा लामो युद्धले लाखौंलाई आफ्नो घरबाट विस्थापित गरेको छ, र दशौं हजार घाइते वा मृत्यु हुनुपरेको छ । युद्धको लम्बाइ धेरै दिन हुने देखिएपनि तिनले 'हाम्रो हितको लागि निरन्तर लड्ने र उपलब्ध सबै उपायहरू प्रयोग गरेर आफ्नो रक्षा गर्ने' प्रतिज्ञा गर्दै कुनै सङ्केत देखाएनन् । उनले आफूसँग सेना पठाउनुको विकल्प नभएको दाबी गर्दै वर्षौंदेखि पश्चिमा मुलुकले रूसको सुरक्षा मागलाई ' अनुहारमा थुक्ने मात्र' जवाफ दिएको बताए । रूसमा आफ्नो मानव अधिकार परिषद्का सदस्यहरूसँगको टेलिभिजन बैठकमा बोल्दै पुटिनले भूमि अधिग्रहणलाई 'रूसका लागि महत्वपूर्ण परिणाम' को रूपमा वर्णन गरे र भने , अजोभको सागर रूसको आन्तरिक समुद्र बनेको छ ।

आफूले प्रशंसा गर्ने एक जना रुसी नेतालाई बारम्बार उल्लेख गर्ने एउटा ऐतिहासिक प्रसङ्गमा उनले थपे , पिटर द ग्रेटले पानीको त्यो स्रोतमा पहुँच प्राप्त गर्न लडेका थिए ।तीव्र युक्रेनी प्रतिरोधका कारण कीभ लिन असफल भएपछि, रूसले आक्रमणको सुरुवातमा दक्षिणी युक्रेनको व्यापक भूभाग कब्जा गर्यो र लगभग तीन महिनाको घेराबन्दीपछि मे महिनामा मारिउपोलको अजोभ बन्दरगाहको प्रमुख सागर कब्जा गर्यो । गत सेप्टेम्बरमा पुटिनले युक्रेनका दक्षिणमा खेरसन र जापोरिजझिया र पूर्वमा डोनेट्स्क र लुहान्स्क गरी चार वटा क्षेत्रलाई रूसी भूभागमा मा गाभिएको औपचारिक घोषणा गरेका थिए । यसपहिले सन् २०१४ मा युक्रेनको क्रिमियन प्रायद्वीपलाई पनि रूसी सेनाको नियन्त्रणमा लिई यो भूभाग आफ्नो भएको घोषणा गरेको थियो । पुटिनले आणविक अस्त्रसम्बन्धी आफ्नो यसअघिको टिप्पणी ' द्वन्द्व बढाउने कारक नभई प्रतिरोधको कारक' भएको दाबी गर्दै पश्चिमाहरूको आलोचनालाई अस्वीकार गरे । हामी पागल भएका छैनौं । आणविक हतियार के हो भन्नेबारे हामी पूर्ण जानकार छौं, पुटिनले भने । उनले भने , हामीसँग ती हतियार छन् र ती अन्य कुनै पनि आणविक शक्तिको तुलनामा धेरै उन्नत र अत्याधुनिक छन् । टेलिभिजनमा प्रशारित आफ्नो टिप्पणीमा रुसी नेताले आपूर्ति, घाइते सैनिकहरूको उपचार र सीमित परित्यागमा समस्या रहेको स्वीकार गरेका छन । उक्त अबसरमा पुटिनले युक्रेनमा सेनालाई बलियो बनाउन सेप्टेम्बरमा आदेश दिएका तीन लाख जगेडा सैनिक बलको परिचालनको बारेमा छलफल गरेका थिए । (रासस/एपी)

# २० औं वार्षिक उत्सवको अवसरमा रेडियो वीरगंजद्वारा वृहत्त रक्तदान कार्यक्रमको घोषणा

मधेशदृष्टि
वीरगंज, मंसिर २२।
मध्यतराइकै पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले आफनो प्रसारणको २० वर्ष पुरा गरी गौरवमय रुपमा २१ औँ बर्षमा प्रवेश गर्ने अवसरमा यहीँ मंसिर २४ गते शनिवार वृहत्त रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ ।

बुधबार साँझ रेडियो वीरगंज परिसरमा आयोजित पत्रकार सम्मेलनमा रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहले रक्तदान कार्यक्रम भव्य रुपमा सफल पार्न रेडियोका श्रोता, विज्ञापनदाता, शुभचिन्तक लगायत सरोकार वाला निकायलाई हार्दिक आग्रह गरेका छन् । सामाजिक क्षेत्रमा समेत उल्लेख्य योगदान पुऱ्याउँदै आएको रेडियो वीरगंजले २० औ वार्षिकोत्सवको अवसरमा रेडियो परिसरमा आयोजना हुने रक्तदान कार्यक्रममा विगतका बर्षहरुमा झैं यस वर्ष पनि उल्लेख्य सहभागिता जनाउन साहले रेडियोका श्रोता, शुभचिन्तकहरुलाई आह्वान गरे । आम श्रोता, विज्ञापनदाता, शुभेच्छुक, सबैको अपार स्नेहका कारण रेडियो वीरगंज मध्य तराईका श्रोताहरुको ढुकढुकी बन्न सफल भएको साहद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ । साहले रेडियो वीरगंजसँगै संचारको क्षेत्रमा टिभी वीरगंज, रेडियो पोखरीया र मधेश प्रदेशकै प्रतिनिधित्व गर्दै मधेशदृष्टि राष्ट्रिय दैनिक प्रकाशन शुरु गरेको जानकारी दिदैं रेडियो बीरगंजबाट शुरु भएको यात्रा अविराम रुपमा अहिले मधेशदृष्टिसम्म पुग्नुमा श्रोता, पाठक, विज्ञापनदाता, दर्शकहरुको आपार माया भएको बताए । समाज रुपान्तरण र सामाजिक क्षेत्रमा रेडियो वीरगंजले खेल्दै आएको उल्लेख्य योगदान सबैका विच सर्वविदितै रहेको बताउँदै साहले यस पटक सार्वजनिक रुपमा रक्तदान कार्यक्रमको आयोजना गर्ने बाहेकका अन्य कार्यक्रम आयोजना नगर्ने जानकारी दिए ।साहका अनुसार रेडियाका पूर्व सहकर्मी एवं सहयोगी पत्रकार नरेश सर्राफ र मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष एवं सप्तरीका नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष शिवहरि भट्टराईको असामयिक निधनका कारण वृहत्त सांस्कृतिक कार्यक्रम गर्ने रेडियो बीरगंजको परम्परा यस वर्षका लागि स्थगित गरिएको छ । पत्रकार सम्मेलनको सहजिकरण रेडियो वीरगंजका समाचार प्रमुख ध्रुव अधिकारीले गरेका थिए ।




# एन.आई.सि. एसिया बैंकले सेवाग्राहीमाथी मनोमानी गरेको आरोप

मधेशदृष्टि
वीरगंज, २२ मंसिर ।
एन.आई.सि. एसिया बैंकले कर्जा लगानीमा मनोमानी रुपमा व्याजदर बढाउँदै आएको सेवाग्राहीहरुले आरोप लगाएका छन् । वीरगंज लिंकरोड स्थित शाखा कार्यालयबाट घर कर्जा लिएका सेवाग्राही अजय चौरसियाले बैंकले मनोमानी रुपमा ब्याज बढाएर जनताको ढाड सेक्ने काम गरेको बताए । एन.आई.सि. एसिया बैंककै शाखा प्रबन्धक रहेर कार्य गरि सकेका चौरसिया आफै त्यही बैंकबाट पीडित भएको बताएका छन् । विगत दुई वर्ष अगाडि घर कर्जा लिंदा बेस रेट र प्रिमियम समेत नखुलाई समग्रमा ८.२५ प्रतिशतको व्याजदरमा कर्जा लिएकोमा हाल आएर बैंकले १३ प्रतिशत व्याजदर कायम गरि दिएको बताउनुभयो । बैंकले कर्जा लगानी गर्दा किस्ताबन्दी (ई.एम.आई.)तथा ओभरड्राफ्ट (ओ.डि.) दुई किसिमको कर्जा लगानी गर्ने गर्छ । नेपाल राष्ट्र बैंकको नीति नियमानुसार किस्ताबन्दी कर्जा (ई.एम.आई.) कर्जा दिने बखत नै व्याजदर कायम गरिन्छ र त्यो ब्याजदर एक वर्षसम्म घटाउन बढाउन पाइँदैन, तर एन.आई.सि. एसिया बैंकले त्यो नीति नियमलाई धज्जी उडाउँदै आफ्नो मनोमानी रुपमा व्याजदर बढाउने गरेको चौरसियाको भनाई छ । यसबारेमा नेपाल राष्ट्र बैंक वीरगंजकी उप निर्देशक तथा सूचना अधिकारी प्रियँका बस्नेतले अहिले बैंकको आधार दर पनि वृद्धि भएको ले व्याजदर बढ्न सक्ने भन्दै यदि त्यस बैंकले ठगी नै गरेको छ भने लिखित निवेदन दिए नियमानुसार कारवाही प्रक्रिया अगाढि बढाइने बताए ।




# वीरगंज नगर क्षेत्रका पाँच स्थानमा सवारी पार्किगंको व्यवस्था

मधेशदृष्टि
बीरगंज २२ मंसिर ।
बीरगंज महानगरपालिकाको पहलमा सरोकारवाला निकायको बिहिबार सम्पन्न वैठकले वीरगंज नगर क्षेत्रको विभिन्न ५ स्थानमा सवारी पार्किङ्गको व्यवस्था मिलाएको छ ।
बीरगंज महानगरपालिकाका फोहोर व्यवस्थापन तथा अनुगमन, वृक्षारोपण र फुटपाथ व्यवस्थापन समितिका संयोजक जय प्रकाश खेतानको अध्यक्षतामा सम्पन्न सरोकार वालाको वैठकले बीरगंजमा ४ पाङ्ग्रे र २ पाङ्ग्रे सवारी साधनको व्यवस्थापनका लागि विर्ता स्थित मालपोत कार्यालय अगाडिको क्षेत्र, आदर्शनगर स्थित हजारमल ट्रष्टको मैदान, आदर्शनगर स्थित पुरानो बस पार्क, गिता मन्दिर छेउको रामजानकी मन्दिरको सार्वजनिक जग्गा र घण्टाघर स्थित विपि उद्यानको खाली जमिनमा पार्किङ्गको व्यवस्था मिलाउने निर्णय गरेको छ ।



वैठकमा जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख धुर्व प्रसाद दहाल, वडा प्रहरी कार्यालय विर्ताका प्रमुख विशाल मल्ल, वीरगंज महानगरपालिकाका प्रतिनिधि, सामुदायिक प्रहरी सेवा केन्द्रका प्रतिनिधिहरु विच सम्पन्न वैठकले बीरगंजमा सवारी साधन पार्किङ्गलाई व्यवस्थित गर्ने निर्णय गरेको खेतानले बताए ।
महानगरपालिकाका प्रमुख राजेशमान सिंहबाट प्राप्त जिम्मेवारी अनुसार ट्राफिक व्यवस्थापनलाई सुधार गर्ने, नगरलाई हरियाली बनाउने काम शुरु गरेको खेतानले बताए ।
वैठकले घण्टा घण्टाघर देखि विर्ता उधोग वाणिज्य संघ, मकालु चोक देखी आदर्शनगर हुँदै माईस्थानसम्म, घण्टाघर चोक देखि लिंक रोडको दुवै तर्फ चार पाङ्ग्रे सवारी साधनहरूलाई कुनै पनि बेला पार्किङ निषेध गरेको छ ।
यसैगरी सोही वैठकले नगर क्षेत्रमा रहेको सार्वजनिक नालाहरुमा भएको अतिक्रमण हटाउन सम्बन्धित पक्षलाई आग्रह गर्ने निर्णय गरेको छ । वैठकमा बीरगंज महानगर पालिका वडा नम्बर ३ का अध्यक्ष वैजुलाल स्वर्णकार, ४ का जगत प्रसाद कानु, नगर प्रहरी इन्चार्ज हरि भुषाल, वीरगंज युवा समाजका कमल चौगाई, विक्की सर्राफ, ग्यासुद्दिन ठकुराई, लगायतको सहभागिता रहेको थियो ।

# स्वर्गिय पत्रकार नरेश सर्राफको श्रद्धाञ्जली सभा

मधेशदृष्टि
बीरगंज २२ मंसिर ।
क्रियाशली युवा पत्रकार मंच नेपालले पत्रकार स्व. नरेश सरर्फको श्रद्धाञ्जली सभा सम्पन्न गरेको छ ।

वीरगंजस्थित नेपाल पत्रकार महासंघको सभाहलमा आयोजना गरिएको श्रद्धाञ्जली सभामा मृतक पत्रकार सरर्फको चिर शान्तिको लागि १ मिनटको मौन धारण गरिएको थियो । सभालाई सम्बोधन गर्दै पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीले स्व. नरेश सरार्फको असमायिक निधनले आफूहरुलाई स्तब्ध बनाएको बताए ।
क्रियाशली युवा पत्रकार मंच नेपालका अध्यक्ष प्रणय कुमार साहको अध्यक्षतामा सम्पन्न भएको श्रद्धाञ्जली सभामा नेपाल पत्रकार महासंघका मधेश प्रदेश महासचीव श्याम बंजारा, वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष अनील अग्रवाल तुलसी भण्डारी, मनोज पटेल, शम्भु सुमन लगायत मंचका पदाधीकारीहरुको उपस्थिति रहेको थियो ।



हार्दिक मंगलमय शुभकामना
विकास एण्ड ब्रदर्स कन्स्ट्रक्शन प्रा. लि. का प्रो. अरुण कुमार साह "मुन्ना" को छोरा
विकास कुमार साह एवं आशिका साह मंसीर ११ गते वैवाहिक बंधनमा बांधिनु
भएकोमा उहांहरुलाई सफल दाम्पत्य जीवनको शुभकामना व्यक्त गर्दछौ ।



अकांक्षी
गीता देवी साह पूर्व उपमेयर (फुआ)/मिश्री लाल मधुकर, पत्रकार (फूफा)
मंजू देवी, अध्यापिका (फुआ), जयन्त प्रकाश भाई(मर्चेंट नेवी अफिसर), श्वेता कुमारी बी.फार्मेसी (बहन), जयप्रकाश साह,
नेपाल ग्यास बिक्रेता महासंघ उपाध्यक्ष मधेश प्रदेश (चाचा), जगदीश महासेठ प्रो. मनोकामना विल्डर्स प्रा. लि. (चाचा),
विश्वनाथ साह 'शाह ग्लास हाउस' (चाचा), सुजाता साह (चाची), रिणा साह (चाची) तथा समस्त साह परिवार जनकपुरधाम।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल